आदिलिङ्ग श्री कुशेश्वर

एक परिचय




लेखक/सम्पादक

अर्जुन कुमार खड्का



मन्दिर अगाडिको पाटी



श्री ५ पृथ्वी वीर विक्रम शाहदेवका धाईआमा जनक कुमारी कोइरालाद्वारा निर्मित पौवा



स्वामी गोपालदास बाबाद्वारा निर्मित यज्ञशाला

श्री डिल्लीरमण रेग्मी पुस्तकालयलाई समर्पित

अर्जुनकुमार रेवड्का

२०६१।१२।२२

आदिलिङ्ग श्री कुशेश्वर

एक परिचय

लेखक/संकलक
अर्जुन कुमार खड्का

प्रकाशक : शिवहरि खड्का
खनियापानी गा.वि.स.-८, डाँसे
रामेछाप

कृति : आदिलिङ्ग श्री कुशेश्वर एक परिचय

लेखक/संकलक : अर्जुन कुमार खड्का
खनियापानी गा.वि.स.-८, डाँसे
रामेछाप

संस्करण : पहिलो २०५८
(५०१ प्रति)

मुद्रक: खड्का प्रिन्टिङ्ग प्रेस
(श्यामहरी खड्का)
फोन नं. ४२४७५४

समर्पण

यो पुस्तक
भगवान शिव र भवानी दुर्गाको
प्रेरणा र आशीर्वादले
हजुरबुबा दिल बहादुर
र
हजुरआमा कृष्ण कुमारी खड्काको
स्मृतिमा समर्पित

दुई शब्द

श्री कुशेश्वर तीर्थ (दुम्जा) लाई ब्रम्हाजी मार्कण्डेय, विश्वामित्र, ऋषि तथा नेमुनिजीको समेत तपोभूमिको रुपमा पौराणिक आख्यानले स्वीकारेको छ । श्री कुशेश्वर तीर्थको उत्पत्तिका सम्बन्धमा केही पौराणिक आख्यानहरु पनि पाइन्छन् । यो आदिलिङ्ग स्वरुप कुशेश्वरलाई भगवान ब्रम्हाजीको तपस्याबाट उत्पत्ति भएको लिङ्ग तीर्थ मानिएको छ । भगवान ब्रम्हाजीले तपस्या गरेका वारास्थान भन्ने स्थान अद्यपि यहाँ विद्यमान छ । एकातिर कुशिक ऋषिको तपोभूमि भएका आधारमा यसको नामाकरण कुशेश्वर रहन गएको हुनसक्ने किम्वदन्ती छ भने अर्कातिर परापूर्व कालमा यस स्थानमा विशाल कुशघारीको गौचरण थियो, जहाँ एउटा गाईले दैनिक आफ्नो दूध चढाउने गर्थिन, यो देखेर गोठालाहरुले खनेर हेर्दा आदिलिङ्ग स्वरुप भगवानको आकृति देखिंदा यसलाई कुशेश्वर लिङ्ग तीर्थका रुपमा पुकारिएको भन्ने पनि धारणा पनि नभएको होइन । यस पवित्र भूमिमा मार्कण्डेय विश्वामित्र जस्ता ऋषिले पनि तपस्या गरेका थिए । नेपालका पालक नेमुनिले यसै स्थानमा तप गरेका थिए र पछि यो देशको नाम नेपाल नामाकरण गरेका थिए भन्ने पनि पौराणिक आख्यान छ । यसरी हेर्दा यो तीर्थलाई सृष्टिको थालनी केन्द्रको रुपमा पनि लिन सकिन्छ ।

नेपाल सम्वत ७९१ तिर दण्डी बाबाले तत्कालीन भक्तपुरे राजाद्वारा ताम्रपत्र गराई झाँगाझोली खहरे (हाल सिन्धुली जिल्ला अन्तर्गत)मा खेत गुठी राखी पूजाआजा तथा जिर्णोद्धारको व्यवस्था संचालन गरेको विषय शिलापत्रद्वारा पुष्टि हुन्छ । त्यस्तै स्व. राजमाता रानी श्री ५ राजेन्द्रलक्ष्मी देवी शाह वि.सं. १८३६ जेष्ठ सु.दि. १० मा यस तीर्थ सवारी भै पूजा अर्चना गरी चाँदीबाट बनेको बेलपत्र माला र धनुपुष्पको माला चढाई बक्सेको तथ्य पनि यस तीर्थ स्थानमा अद्यावधि सुरक्षित रहेको मालाबाट स्पष्ट हुन्छ ।

राजमहर्षिबाट मन्दिरको पनि जीर्णोद्धार भएको कुरा जनमानसमा पाइन्छ । यस तीर्थस्थलको विकासमा स्व.दामोदर कोइरालाको पनि उल्लेखनीय योगदानको विषयमा पनि बूढापाकाहरु चर्चा गर्छन । कोइराला वंशावलीमा तत्कालीन मकवानपुरे सेन राजाले दामोदर कोइरालालाई दुम्जा फाँट विर्ता दिई पठाएका थिए भन्ने उल्लेख भएबाट यसै समयदेखि क्रमशः कोइराला वंश यस स्थानमा फैलिंदै गएको देखिन्छ । तर हाल कोइराला परिवारहरु यस स्थानबाट विस्तारै तराईका विभिन्न ठाउँहरुमा स्थानान्तरण हुदै गइरहेका छन् । आज कोइराला परिवार यहाँ अत्यन्त न्यून संख्यामा मात्र छ ।

यस तीर्थस्थललाई वर्तमान स्वरुपमा ल्याईपुऱ्याउन स्व.स्वामी गोपालदास बाबाको अतुलनीय योगदान छ । वि.सं. १९९६ सालतिर पश्चिम नेपालका स्वामी गोपालदास बाबा तीर्थाटनको सिलसिलामा यस कुशेश्वर महादेव स्थानमा आइपुग्नुहुँदा यस ठाउँको दुर्दशा देखि अत्यन्त दुःखित भै विभिन्न किसिमका कष्टहरु झेल्दै यस तीर्थमा सुन्दर बगैचाको संरचना मन्दिर तथा यज्ञशालाको निर्माण गराउनु भयो । साथै मन्दिरको नित्यपूजाको निमित्त खेतको व्यवस्था समेत गराउनु भयो । वि.सं. २००२ सालमा बाबाले विशाल रुद्रमहायज्ञ सम्पन्न गराउनु भएको विषयलाई त्यस बेलाका बूढापाकाहरु अझै मुक्त कण्ठले चर्चा, प्रशंशा गर्दछन् । त्यस्तै २०१८ सालमा पनि श्रावण महिना देखि माघसम्म ६ महिना लामो विश्व शान्ति महायज्ञको आयोजना गर्नुभयो । सो यज्ञको साङ्गेता हुन दुई दिन पूर्व नै उहाँ यसै तीर्थमा समाधिस्थल हुनुभयो । उहाँको समाधिस्थल यस तीर्थमा अझै छ ।

यस तीर्थको महत्तालाई यति व्यापक रुपले फैलाउने कार्यमा न हिजोका दिनमा कसैबाट संभव भएको थियो न आज देखिएको छ। उहाँका अन्त:ह्दयको इच्छा अभिलाषा थियो यस तीर्थस्थलको राम्रो विकास र प्रचार प्रसार विकसित गराउने तर दुर्भाग्य समयले उहाँलाई ती इच्छाहरु पूर्ण हुन नपाउँदै कालको कुचक्रमा पर्नुपर्‍यो। उहाँको यस क्षेत्रका सोचाइ बारे यसै पुस्तकमा समाविष्ट उहाँकै लेखबाट बुझ्न सकिन्छ भने उहाँको विस्तृत परिचय पं.वासुदेव खतिवडाको कविताबाट पनि छर्लङ्ग हुन्छ।

वर्तमान समयमा आएर काठमाण्डौं निवासी डंगोल परिवारको यस तीर्थस्थलको भौतिक पूर्वाधारको व्यवस्थामा उल्लेखनीय योगदान रहदै आएको छ। काठमाण्डौं ललितपुरका झण्डै ७ सय घर परिवारले यस तीर्थस्थलालाई कुलदेव्रताका रुपमा मान्दै आउनु भएको छ। काठमाण्डौं ब्रम्हटोल निवासी समाजसेवी व्यक्तित्व श्री शंकरमान डंगोलको संक्रियतामा जीर्ण रहेको यज्ञशाला तथा कम्पाउण्डवालको मर्मत कार्यको लागि ठूलो आर्थिक सहयोग प्राप्त हुनुका साथै नित्य पूजाका निमित्त समेत आर्थिक सहायता प्राप्त भैराखेको छ। वहाँहरुको यस तीर्थस्थलको विकास गराउने कार्यमा हार्दिकतापूर्ण दीलचस्पी रहेको पाइएको छ।

यस तीर्थस्थलमा जन्मनुभएका श्री कुशेश्वर मिश्रजीको सक्रियतामा गुठी संस्थानबाट हाल मासिक एक हजार रुपैंया दैनिक पूजाआजाका निमित्त सहयोग प्राप्त भइरहेको छ।

यस तीर्थस्थलमा सनातन धर्म सेवा समिति दुम्जा शाखाले समय समयमा विविध यज्ञादि कार्यहरु संचालन गर्दै आएको छ।

२०४२ सालदेखि २०५६ सालसम्म संचालन भएको विविध क्रियाकलापहरुबारे पनि केही उल्लेख गर्नु प्रासंगिक देखिएकोले जानकारीको हेतु प्रस्तुत गर्न चाहान्छु ।

यो तीर्थस्थलमा २०४२ सालमा गायत्री पूनश्चरण महायज्ञ श्री कुशेश्वर सुधार समितिका अध्यक्ष दीर्घराज कोइराला, भिमखोरी पुराना गाउँ निवासी न्यायधीश टेक बहादुर रायमाझी, बाबा अयोध्याशरणको सक्रियतामा आयोजना गरिएको थियो । उक्त यज्ञमा मलाई आर्थिक संकलनको जिम्मा दिइएको थियो । यसै यज्ञको उपलक्ष्यमा श्रद्धेय दीर्घराज कोइरालाबाट हिमवतखण्ड उप-पुराणको पुस्तक प्राप्त भयो । यस पुस्तकको अध्ययनबाट मलाई यस तीर्थको बारे अझ गहिराई सम्म पुग्ने अपूर्व अवसर मिल्यो ।

त्यस्तै २०४४ सालमा माता तीर्थ औंशीको पुनीत अवसरमा सनातन धर्म सेवा समितिका तत्कालीन अध्यक्ष स्व.पं. गोविन्द प्रसाद दाहालज्यूले तत्कालीन स्थानीय प्र.पं.पुन्य प्रसाद कोइरालाबाट तीर्थ श्राद्ध सम्पन्न गराइ श्रीमद्भागवत् ज्ञान महायज्ञ शुभारम्भ गर्नु भयो । स्थानीय भक्तजनहरुबाट स्वइच्छास्वरुप समर्पित पाँच सय अठार रुपैया दान संकलन भै निष्कामनापूर्वक यज्ञ सम्पन्न भयो ।

त्यस्तै पितृहरु, कुशेश्वर बाबा तथा दुर्गा भवानीको प्रेरणाबाट स्थानीय वारिपारीका भक्तजनहरुको सहयोगमा सनातन धर्म सेवा समिति दुम्जा शाखाको संयोजकत्वमा २०४५ साल गया मौनी पौषे औशीको अवसरमा कौंशीकी तीर्थ श्राद्ध सहित विशाल भागवत् ज्ञान महायज्ञ सम्पन्न गरियो । २०४६ सालको पौषे औंशीकै पावन अवसरमा अमरनिवास काभ्रेका पं चन्द्रमणि गुरुको सक्रियतामा

विशाल नारायण सत्र महायज्ञ सहित कौशीकी तीर्थ श्राद्ध सनातन धर्म सेवा समिति दुम्जा शाखाद्वारा नै सम्पन्न गराइयो । त्यस समयपछि प्रत्येक वर्ष पौषे औंशीको दिनमा कौंशीकी तीर्थ श्राद्ध गर्ने परम्परा आजसम्म पनि निरन्तर छ । त्यसैगरी २०४६ साल चैत्र रामनवमी कै अवसरमा ७३ (त्रिहत्तर) बटुकहरुको उपनयन संस्कार सहित २४ घण्टे नारायाण महायज्ञ ८४ जना साधकको सहभागितामा पं.चन्द्रमणि कै सल्लाह अनुसार सनातन धर्म सेवा समितिद्वारा सम्पन्न गराइयो ।

उक्त अवसरमा मलाई राजा र रानीको स्वप्न दर्शन हुनपुग्यो । स्वप्नमा मलाई राष्ट्रमा केही अप्रिय घटना घटन सक्ने अनुभूति पनि हुनपुग्यो । श्री कुशेश्वर बाबाको प्राङ्गणमा नारायण महायज्ञको आयोजना भइरहेको थियो । सोही अवसरमा बाबासँग राष्ट्रिय मेलमिलाप र शान्तिका लागि प्रार्थना गरियो । त्यसपछि श्री ५ महाराजाधिराज सरकारबाट तत्कालीन मन्त्रीपरिषद विघटन गरीबक्सी अर्को मन्त्रीमण्डल गठन गरिबक्स्यो । सोही मन्त्रीपरिष्दले राष्ट्रिय मेलमिलाप तथा शान्ति सुव्यवस्थाको बातावरण सृजना गरायो यो एक अपूर्व संयोग नै थियो । यसरी पनि मलाई ईश्वरीय विश्वासमा अझ दृढ गरायो ।

२०४९ साल माघ २१ देखि २९ गते सम्म स्व.पं धरणीधर कोइरालाको सतवार्षिकीको अवसरमा श्रद्धेय दीर्घराज कोइरालाको सक्रियतामा सनातन धर्म सेवा समिति दुम्जा शाखाको संलग्नतामा श्रीमद्भागवत् ज्ञान महायज्ञ, कौशिकी तीर्थश्राद्ध उपनयन संस्कार तथा विद्यार्थीहरुलाई विविध कुशेश्वर पितृ स्मृति पुरस्कार वितरण तथा कौंशीको तटमा वृक्षारोपण कार्य सहित सुसम्पन्न गरियो ।

उक्त महायज्ञको समापनको अवसरमा भागवत वाचक पं.कपिलमुनि बरालज्यूले ४३ जना विद्यार्थीहरुलाई रु. १११।- का दरले विविध कुशेश्वर पितृ स्मृति पुरस्कार वितरण गर्नु भएको थियो । उक्त समयदेखि हालसम्म यस क्षेत्रका विभिन्न विद्यालयका विद्यार्थीहरुलाई विविध कुशेश्वर पितृ स्मृति पुरस्कार तथा छात्रवृत्ति प्रदान गर्ने कार्य निरन्तर रहेको छ । हालसम्म विभिन्न व्यक्तित्वहरुबाट विभिन्न विद्यालयका विद्यार्थीहरुलाई पुरस्कार तथा छात्रवृत्ति स्वरुप २५ हजार रुपैया जति वितरण भैसकेको छ । यस कार्यलाई संस्थागत स्वरुप दिई भविश्यसम्म कायम राख्न सकिएको खण्डमा नै पितृहरु प्रति हार्दिक श्रद्धा प्रकट गरिएको ठर्हछ भन्ने विश्वास लिएको छु । उक्त महायज्ञको समापनकै सन्ध्यामा श्री कुशेश्वर सुधार समितिका अध्यक्ष दीर्घराज कोइरालाबाट कुशेश्वर आयुर्वेदीय औषधालयको पनि शिलान्यास गरियो । कौशिक तटमा वृक्षारोपण गर्ने कार्य सम्पन्न गराइएको भए पनि हाल कोशीको कटानद्वारा उक्त समयमा रोपिएका बर पिपलका ठूला भैसकेका वृक्षहरु नष्ट भएका छन् ।

त्यसैगरी सनातन धर्म सेवा समिति दुम्जा शाखाकै संयोजकत्वमा २०३५ सालमा तुलसीकृत महायज्ञ, २०५६ सालको शिवरात्रीको पावन अवसरमा विशाल कोटीहोम महायज्ञ पनि सम्पन्न भयो । आगामी दिनमा पनि यसरी नै विश्व शान्ति तथा विश्व मानव कल्याण गरिने महायज्ञहरु आयोजना भईरहन सकोस् ।

यस तीर्थको महत्ता यति व्यापक भएर पनि जन चेतना नै व्यापक हुन नसकेर हो वा आज बहुसंख्यक विद्वानमा गनिनेहरुमा पनि आध्यात्मिक भाव-ह्रास भएर हो धार्मिक अनुष्ठानका कार्यहरु अति न्यून् हुँदै जाँदै छ ।

दामोदर कोइरालाका वंशहरु आज तराईका विभिन्न ठाउँहरुमा बसाई सर्दै गइरहेका छन् । ती मध्ये कोही विद्वानहरु हुनुहुन्छ- कोही सर्वोच्च सत्तामा आसीन हुनुहुन्छ तर पूर्खाको इज्जत र मर्यादामा आँच पुग्दैछ । किन उहाँहरुको यसप्रति ध्यान जान सकेन ? जन्म दिने आमा र जन्मभूमि भन्दा ठूलो यस संसारमा के हुन सक्ला ? जो सुकै विद्वानले पनि यसको विपरीतमा उत्तर दिने धृष्टता नगर्लान । यदि त्यसो हो भने किन त आज बसाँइ जाने बित्तिकै आफ्नो जन्मभूमि विर्सदै हुनुहुन्छ कोइराला दाजुभाईहरु ? हिजो यही कुशेश्वर पुण्य थियो, जति बेला उहाँहरु दुम्जामा रहनुहुन्थ्यो । आज त्यही कुशेश्वर त्यज्य हुनपुग्यो, जब उहाँहरु शहरी शैलीको महलको सिंढी चढनु भयो ।

आज महादेव कुशेश्वरको यति जीर्ण अवस्था छ । जसलाई कल्पना पनि गर्न सकिन्न । यस ठाउँको पर्यावरण विग्रर्दै गइरहको छ । रोशी र कोशीको कटानले यो मन्दिरको अवस्था पीडित छ धन्न कुशेश्वर बाबाको प्रतापले उहाँको केही सीमित भूभाग सुरक्षित छ । आज विश्वकै इतिहासमा कृष्ण प्रसाद कोइरालाका तीन पुत्रहरु मातृकाबाबु, वि.पि., गिरिजाबाबु यो देशका प्रधानमन्त्री बनेर चर्चित बन्नुभयो । आज पनि उही कृष्णप्रसाद कोइरालाकै सुपुत्र यो देशको सर्वोच्च पदमा आसीन हुनुहुन्छ । तर दुर्भाग्य नै भन्नुपर्छ कुशेश्वर महादेवको अवस्था जहींको तहीं छ । यो एक विडम्वना नै हो भन्नुपर्छ । मैले यो कोइराला दाजुभाइप्रति लगाएको आरोप होइन यो एक तीतो यथार्थ नै हो । यदि उहांहरुले यस क्षेत्रलाई एउटा चिनारीमय तीर्थस्थलका रुपमा विकास गराउने विषयमा सोचीमात्र दिनभयो भने यो अभिलाषा पूर्ण हुन कुनै समय लाग्ने थिएन ।

सायद केही वर्षमा त वि.पि. मार्ग पनि पूर्ण होला यदि २०१७ को जस्तै दुर्घटना भएन भने । यदि २०१७ मा नै यो आर.टि.ओ. राजमार्ग बनिदिएको भए यसको. मुहार फेरिइसक्थ्यो होला । तर दुर्भाग्य अर्कै भयो । यो मार्ग पुनः निर्माण भएपछि यस तीर्थस्थलमा भक्तजनहरुलाई दर्शनार्थ आउन पनि सजिलो पर्ला र यो ठाउँको केही भएपनि विकास होला । त्यसभन्दा अगाडि यस ठाउँको भौतिक पूर्वाधारको विकास हुन भने नितान्त जरुरी नै देखिएको छ ।

मेरो यस पुस्तक प्रकाशनको मुख्य लक्ष्य यस तीर्थस्थलको बारेमा केही जानकारी पुग्न सकोस भन्ने मात्र हो । यही जानकारी दिलाउने सिलसिलामा १५ वटा लिङ्ग तीर्थहरुको परिचय समेटिएको लिङ्ग तीर्थ परिचय नामक पुस्तक २०५१ मा प्रकाशित भएको थियो । त्यस पुस्तकमा श्री कुशेश्वरको संक्षिप्त परिचय मात्र सीमित थियो । यसमा केही ज्यादा नै समेटिएको हुनुपर्छ । यसको महिमालाई ब्याख्या गरेर त कहाँ साध्य हुन्छ र ? यद्यपि कतिलाई परिचयाभावका कारणले पनि अप्ठेरो परेको होला भन्ने मनसाय हो ।

मैले यस पुस्तक प्रकाशन कार्यमा स्व.पं गोविन्द प्रसाद दाहाल, पं बासुदेव खतिवडा तथा स्वामी परंहंश गोपालदास बाबाको लेख समावेश गर्ने सुवर्ण अवसर पाएर उहाँहरुप्रति अत्यन्तै ऋणी छु । स्व. दाहालज्यूले मलाई गीताका बारेमा धेरै नै स्पष्ट गराउनुभो । त्यस्तै पं. खतिवडा ज्यूले पनि मलाई यस क्षेत्रमा लाग्दा सदा हौसला र प्रोत्साहन दिनु भयो । उहाँहरुको मार्ग निर्देशनलाई म कहिल्यै भुल्न सक्दिन् । यसैगरी श्रद्धेय दीर्घराज कोइरालाज्यूबाट पनि मलाई सदा प्रोत्साहन नै मिली रहयो । विभिन्न यज्ञ यज्ञादिहरुमा उहाँको सहयोग नपुग्दो हो त सायद संभव पनि हुँदैनथ्यो होला । उहाँको यस क्षेत्रको विकास अत्यन्त ठूलो योगदान रहेको छ ।

त्यसैगरी पुण्य प्रसाद कोइरालाज्यूको सहयोगप्रति पनि अत्यन्त आभारी छु। दुम्जाको विकासमा उहाँको अति ठूलो योगदान रहेको छ। डा. विद्यानाथ कोइरालाले पनि यस पुस्तकमा केही शब्द लेखिदिंदा म अत्यन्त खुशी छु। विभिन्न सामाजिक कार्यमा उहाँले पुऱ्याउनु भएको सहयोग सल्लाह सुझावलाई पनि म कहिल्यै भुल्न सक्दिन।

सनातन धर्म सेवा समिति दुम्जा शाखाको सचिव भै रहि लामो समयसम्म कार्य गर्दा पनि मलाई धेरै अनुभव हासिल गर्न मद्दत पुग्यो। यसर्थ सनातन धर्म सेवा समिति दुम्जा शाखा तथा त्यस संस्थामा सम्वद्ध विभिन्न व्यक्तिहरुको पनि तर्फबाट पनि प्रेरणा मिलेको छ। स्व.पं. धरणीधर कोइरालाको व्यक्तित्व, महानतम नैतिक आदर्शप्रति पनि म नतमस्तक छु। उहाँको नैतिक उपदेशहरु मेरो जीवनको सहयोगी बनेका कारण पनि उहाँ पुस्तक प्रकाशनका कार्यमा सहयोग गर्ने आदरणीय पात्रका रुपमा हुनुहुन्छ।

काठमाण्डौं ब्रम्हटोल निवासी श्री शंकरमान डंगोलजीले हरेक भेटमा मलाई कुशेश्वरका बारेमा केही लेख्नुस भनेर घचघच्याइरहनुहुन्थ्यो। बास्तवमा उहाँ जस्तो उदार व्यक्ति विरलै पाइएलान्। उहाँको सक्रियतामा श्री कुशेश्वर महादेवस्थानको भौतिक पूर्वाधारमा निकै ठूलो सहयोग पुगेको छ। उहाँको घचघचाइ र सल्लाह र सहयोगले पनि मलाई यस पुस्तक प्रकाशन गर्न ठूलो मद्दत पुगेको छ।

त्यसैगरी यस पुस्तकको पाण्डुलिपी अद्योपान्त अध्ययन गरी विभिन्न ठाउँहरुमा शुद्धाशुद्धी सुधारको लागि अमूल्य सहयोग गर्नुका साथै यस पुस्तककाबारे केही शब्द लेखीदिनु भएकोमा म पं.चेतोनाथ आचार्यज्यू प्रति पनि अत्यन्त ऋणी छु । अत्यन्त व्यस्त समयका बावजूत पनि मेरो यस पुस्तक प्रकाशनार्थ दिनुभएको अमूल्य सहयोग प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस पुस्तक प्रकाशनको सिलसिलामा विभिन्न किसिमबाट सहयोग गर्ने मेरो माहिलो पुत्र शिवहरि पनि धन्यवादको पात्र छन् । यस पुस्तकमा रहेका आवश्यक चित्र (फोटो) लिने कार्य तथा पाण्डुलिपीलाई कम्प्युटर टाईप गराउने तथा प्रेसमा छपाइको कार्यमा समेत पुऱ्याएको सहयोगले मलाई अत्यन्तै खुशी लागेको छ ।

अन्त्यमा,

यस तीर्थको पर्यावरणिक, सांस्कृतिक विकासका सम्बन्धमा श्री ५ को सरकारको ध्यान आकृष्ट हुन सकोस । अध्यात्मिक भावनाद्वारा नै यस राष्ट्रले विश्वमा शान्तिको भावना फ़ैलाउन सकोस । विश्वका समस्त मानव ह्रदयमा अध्यात्मिक भावना जगाउन आदिलिङ्ग स्वरुप कुशेश्वर बाबाको प्रेरणा र आशीर्वाद रहोस् ।

अस्तु

- *अर्जुन कुमार खड्का*

यस रचना बारे आफ्नो अभिव्यक्ति

देवतात्मा हिमालयको काखमा अवस्थित पुण्यभूमि नेपाल तपोभूमिको रुपमा पनि परिचित छ । यो केवल भावुक अभिव्यक्ति वा अत्युक्ति मात्र नभै स्वरुपगत यथार्थता समेत हो । किन भने यहाँका पाखा पखेरादेखि कुना कन्दरा, नदी, तलाउसम्म श्रद्धालू भक्तजनले स्थापन गरेका देखिन् लिएर प्राकृत स्वरुपले स्वयं उत्पन्न भएका भनेर प्रसिद्धि राख्ने देव मन्दिर, देवस्थलहरु प्रसिद्ध छन् । जुन देवस्थलमा सम्भव हुनेले सधै र नहुनेले तिथि चाड पर्व परेको वेला गै पूजा आजा दर्शन स्पर्शन गरी पुण्य लाभ गर्ने मनकामना पुर्ति गर्ने देखि अन्तर मनलाई आश्वस्त पार्ने काम पनि गर्दै आएका छन् ।

भगवान पशुपतिनाथ र माता गुह्येश्वरी पीठ विराजित यस देशको पूर्वी भाग सिंधुली, दोलखा, काभ्रे, मकवानपुर, ललितपुर, भक्तपुर गर्दै काठमाडौंसम्म फिजिएका चौसठ्ठी लिङ्ग नामले प्रसिद्ध पीठहरु छन् । यी मध्ये सके सवै र उति नभए जतिसम्म सकिन्छ त्यतिको दर्शन गर्नु पुण्य दायक मानिएको छ । यस्ता चौठ्ठी लिङ्गमा रोसी र सुनकोशीको संगमस्थल दुम्जामा अवस्थित कुशेश्वर लिङ्ग आदि लिङ्गको रुपमा प्रसिद्ध छ । हिमवत्खण्ड नेपाल माहात्म्यमा यसलाई दुर्गा तीर्थ भनेर उल्लेख गरिएको छ । मातृ गमनरुप दोषले कुष्ट रोगबाट पीडित विरुपाक्षले नेमुनिको उपदेश अनुसार यहीवाट तीर्थ यात्रा शुर गरी सवै लिङ्गको दर्शन गर्दा कुष्टरोग शमन भै आरोग्य प्राप्त गरेको प्रसिद्धि छ ।

कुशेश्वर लिङ्ग यातायाको सुविधा नपुगेको अलि अपायक जस्तो ठाउँमा रहेको हुदा जनस्तरमा त्यसको प्रसिद्धि त्यति देखिदैन । कोइरालाहरुको पुर्ख्यौलीस्थल भएको दुम्जामा अवस्थित यस पीठको सेवा सुधारको लागि गोपाल दास स्वामी जस्ता सन्तबाट निकै प्रयास भएको थियो भने उत्साहित भक्तजनबाट पनि यथासम्भव सहयोग भएको पाइन्छ । तर यो आदि क्षेत्र जुन रुपमा निर्माण सुधार एवं प्रसिद्धिमा आउनु पर्ने हो त्यति हुन सकेको छैन ।

गत केही समय देखि शिक्षण पेशाका श्री अर्जुन कुमार खड्कावाट यसको सुधारको साथ प्रचारमा ल्याउन भरमग्दुर प्रयास भएको छ । जस्को फलस्वरुप यस अघि लिङ्ग तीर्थ परिचय (प्रथम खण्ड) को परिचय भएको थियो भने दोस्रो प्रयासको रुपमा योजना समक्ष आएको छ । गद्य पद्य एवं स्थानीय क्रिया कलाप समेतलाई जन समक्ष स्पष्ट पार्न यसले सहयोग पुर्‍याउने छ । समाज सेवी भक्त शिक्षकको यो प्रयास सन्हानीय छ ।

निजबाट यस्तो शुभ कार्य अगाडि पनि जारी रहोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

प्रा. चेतनाथ शर्मा आचार्य
का.म.न.पा., थापाथली
२०५८/६/३

यस पुस्तक बारे

यो पुस्तकमा षडरस छन्। कविता छ, निवन्ध छ , जीवनी छ। यसरी साहित्यका बहुविधा समेटिएका छन्; विषय विविध छन्; कहीं सनातनको महिमा छ कहीं अध्यात्म र प्रजातन्त्रका् सहसम्बन्धको चर्चा छ भने कहीं श्री कुशेश्वर महादेवको चिनारी छ; कतै दुम्जा तीर्थको वर्णन छ भने कही दुम्जाका धार्मिक निधिहरूको परिचय छ , त कहीं उहाँहरूकै कविता र लेखहरू छन्। जसमा सनातन धर्मका सोचलाई जगेर्ना गर्ने क्रियाशील व्यक्तित्वका लेख रचनाहरूले पनि श्री कुशेश्वरको महिमा गाएको छ। यसरी यस पुस्तकले विविधता समेटेको छ।

यो पुस्तकले युवाहरूको आध्यात्मिक पाटोलाई ललकारेको छ। नम्रतापूर्वक सोधिएको छ के सनातन धर्मको अर्थ बुझेका छौं ? के अध्यात्म र प्रजातन्त्र बीचको सम्बन्ध पहिल्याएका छौं ? के पौराणिक सम्पत्तिको जगेर्ना गर्ने सोच बनाएका छौं ? के दुम्जा तीर्थस्थललाई पर्यटकीय स्थल बनाउने रहर गरेका छौं ? के अध्यात्मिक निधिहरूको पद चिन्हको विश्लेषण गरेका छौं ?

यो पुस्तकमा केही कठिनाईहरू पनि छन्। संस्कृतका श्लोक चवाउन र अर्थ निकाल्न कताकति कठिनाई छ। कहिले छन्द र वर्णनमा उत्रनु पर्दा उकाली ओरालीको अनुभव छ। यिनै कठिनाइहरू भित्र यस पुस्तकको आनन्द लुकेको छ।

-डा. विद्यानाथ कोइराला

शुभकामना

सृष्टिको प्रारम्भ देखि पूज्य देवाधिदेव आदिलिङ्ग श्री कुशेश्वर महादेव पीठ दुम्जा जननी दुर्गा प्रकट, गौरी प्रकट, नेमुनिको प्रथम तप आश्रम, विश्वामित्रको तपोभूमि, मार्कण्डेयको चिरञ्जिवी प्राप्त तीर्थ, विभिन्न देव देवीहरूको वर्णन र महत्व, भक्तपुरे राजा जयजग मल्लको यस पीठको लागि गुठी व्यवस्था, स्व. महारानी राज्य लक्ष्मी देवीको यस पीठ प्रतिको भक्ति र स्व. १०८ स्वामी गोपालदास बाबाको गरिएको निर्माण सुधार आदिले यस तीर्थस्थलको ठूलो महत्व राख्दछ।

यस तीर्थ यात्राबाट मानवको ईश्वर प्रतिको खोजी अध्यात्मतामा मनोवल नैतिक नियम र वास्तविकता तथा सबै प्राणीको हितकार्य नै धर्म हो भन्ने पनि पुष्ट्याई गर्दछ।

साथै गाउँघर निवासी, आफ्नो विद्वतालाई सामाजिक स्तरसम्म पुऱ्याउन नसकी खुम्चिएर बसेका पण्डितज्यूहरूको मीठा साहित्यिक, भौगोलिक, ऐतिहासिक तथा समाजिक धारणा तथा वावा गोपालदासको ऊँ नमः शिवायको सुगन्धमा यस पुस्तकका लेखक श्री अर्जुन कुमार खड्काले थपिदिनु भएको सुवर्ण यस क्षेत्र लगायत विश्वका अधिकांश हिन्दु परिवारले लिनेछ र यस लेखले ठूलै सफलता प्राप्त गर्नेछ भन्ने आफ्नो आशा, विश्वास तथा खुसी व्यक्ति गर्दै शुभकामना दिन चाहन्छु।

पुण्य प्रसाद कोइराला
उपाध्यक्ष
श्री कुशेश्वर महादेव स्थान संरक्षण समिति
दुम्जा

विषय-सूची

विश्व सृष्टिको थालनी केन्द्र श्री कुशेश्वर

नेपाल अधिराज्य विश्वकै एक महान तीर्थस्थल हो। यो पवित्र देवभूमि नेपाल विभिन्न तीर्थस्थलहरुले भरिपूर्ण एक पुण्यभूमि हो । हिमवतखण्डमा वर्णित ६४ लिङ्गहरुमध्ये सबभन्दा पहिले दर्शन गर्नुपर्ने कुशेश्वर आदिलिङ्ग हो । यो लिङ्ग काठमाण्डौंको हनुमानढोकाबाट १८ कोश पूर्व सिन्धुली जिल्लाको लीलावती र सुवर्ण कौशिकीको तट दुम्जावेसीमा अवस्थित छ। कुशेश्वर लिङ्ग एक प्रसिद्ध र पवित्र तीर्थस्थल हो । हिमवतखण्डको कथनअनुसार ब्रम्हाजीले विश्वसृष्टिको लागि तपस्या गर्दा उत्पन्न लिङ्ग भएकोले यसलाई आदिलिङ्ग भनिएको र मानिएको हो । अतःएव कुशेश्वर क्षेत्र विश्वसृष्टिको थालनी केन्द्र हो भन्न सकिन्छ। हिमवतखण्डमा भएको श्लोकलाई पनि यहाँ प्रस्तुत गर्न सान्दर्भिक देखिन आएकोले उद्धरण गरिन्छ ।

शैलानस्रष्टुं रहो ब्रम्हा दध्यौ पुरात्र शंकरं ।
ततः समुद्भवं लिङ्गमादि लिङ्गमुदाहृतम् ॥

(हिमवतखण्ड ८९ (६०)

आदिलिङ्ग स्थितो यत्र कौशिक्याश्च तटोत्तमे ।
कुशेश्वर ईतिख्यातस्तनैपालो विराजते ॥

(हिमवतखण्ड ६९(१४)

उपर्युक्त तथ्यको आधारमा पूण्यभूमि नेपालका तीर्थस्थलहरुमा कुशेश्वर एक पवित्र तीर्थ हो भन्ने सिद्ध हुन्छ । त्यस्तै परापूर्वकालमा कुशिक नामका ऋषिले तपस्या गरेको क्षेत्र भएकोले यस क्षेत्रको नाम कुशेश्वर र यसको समीपको नदीलाई कौशिकी भनिएको हो भन्ने विचार गर्न सकिन्छ।

शुम्भ निशुम्भ नाम गरेका दैंत्यले पनि यस क्षेत्रमा धेरैकाल तपस्या गरेर शिवजीको बरदान पाई त्रिलोक विजय गरेको तथ्य पनि हिमवतखण्डबाट उद्घाटित हुन्छ ।

शुम्भ निशुम्भद्वारा पराजित भएका देवताहरुले ब्रम्हाजी समेत भएर कुशेश्वर आदिलिङ्गको समीपमा आई देवीको आराधना गर्दा स्वयं अष्टादश भुजा जलदेवी प्रकट भई देवताहरुको दुःख हरण गर्ने आश्वाशन दिइएको र स्वयं दुर्गा भगवतीका रुपमा प्रकट भएर शुम्भ निशुम्भको संहार गरेर देवताहरुको उद्धार गरेको तथ्य पनि हिमवतखण्डमा उल्लेख छ । त्यसो हुँदा कुशेश्वर क्षेत्र दुर्गा तीर्थको रुपमा परिचित छ । देवतीर्थहरुमध्ये सबभन्दा पहिलो महत्वपूर्ण तीर्थ यसै दुर्गातीर्थलाई नै मानिएको छ ।

देव्याः स्वेदोद्भवायां च लीलावत्याश्च संगमे ।
स्नानतः सर्व वाञ्छादं दुर्गातीर्थ मुदाहृतम् ॥
(हिमवतखण्ड ८९(५८)

स्नात्वा कामाचलं रुहया देवी संप्रेक्ष्य यत्नतः ।
सर्वपापै विर्निभुक्तः सयाति परमां गतिम् ॥
(हिमवतखण्ड ४३(५)

सुवर्ण कौशिकी र लीलावतीको संगममा दुर्गा तीर्थ छ जसमा स्नान गर्नाले सम्पूर्ण इच्छा पूरा हुन्छ र यस तीर्थमा स्नान गरेर खाँडादेवीको दर्शन गर्नाले मनुष्यको सम्पूर्ण इच्छा पूरा हुने र सम्पूर्ण पापबाट समेत मुक्त भै परम गति प्राप्त हुने कुरा हिमवतखण्डको विभिन्न श्लोकहरुबाट पुष्टि हुन्छ । त्यस्तै अर्को हिमवतखण्डमा उल्लेख भएको श्लोकलाई पनि यहाँ उद्धरण गर्नु पनि मनासिव नै देखिन्छ ।

कौशिक्यां कुरुते श्राद्धं पितृभ्योभक्ति युङ्नर ।
पितृनुद धृत्य सप्तत्रीन् पितृलोके महियते ॥

(हिमवतखण्ड ४३(१६)

उपर्युक्त श्लोकका आधारमा कौशिकीमा तीर्थ श्राद्ध गर्ने मानिसले २१ पुस्ता सम्मको पितृहरुको उद्धार गरी अन्त्यमा आफू पनि पितृलोकमा प्राप्त हुन्छन् भन्ने कुरा बुझ्न सकिन्छ। त्यस्तै हिमवतखण्डमा वर्णन भएअनुसार मार्कण्डेय ऋषिले पनि कुशेश्वर आदिलिङ्गको सानिध्यमा तीर्थ श्राद्ध गर्दा उनका पितृहरु सन्तुष्ट भएर उनलाई चिरञ्जिवी हुने बरदान दिएका थिए ।

त्यस्तै एकजना अधम ब्राम्हण यसै कुशेश्वर तीर्थमा मुक्त भएको र कुष्ठरोग पीडित विरुपाक्ष पनि यसै तीर्थमा स्नान गरी आदिलिङ्ग कुशेश्वरको दर्शन गरेपछि कुष्ठरोगबाट मुक्त भएको प्रमाण पनि हिमवतखण्ड उप-पुराणबाटै प्राप्त गर्न सकिन्छ ।

इतिहासलाई खोतल्ने हो भने पनि नेपालका पालक नेमुनीजीले यसै तपोभूमि कुशेश्वरमा धेरै समयसम्म तपस्या गरेर नेपालको स्थिति बसालेर पालना गरेका थिए ।

उपर्युक्त संक्षिप्त कथनबाट यो पवित्र स्नान केन्द्र, श्राद्धीय भूमि हो भन्ने स्पष्ट हुन आउँछ। यदि हामी सबैको प्रयासबाट यसको महिमालाई व्यापक बनाउँदै लैजानसकेको खण्डमा यो स्थललाई महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक केन्द्रका रुपमा स्थापित गराउन सकिन्छ। सम्पूर्ण जनहरुमा यसको विकास सम्वर्द्धन गर्नमा भगवान श्री कुशेश्वर वावाले सद्बुद्धि प्रदान गरुन् ।

नोटः- यसका बारे केही बढी चर्चा दुम्जा तीर्थ अन्तर्गत नै उल्लेख एको कुशेश्वर तीर्थ, दुर्गा तीर्थ तथा मार्कण्डेय तीर्थ मार्फत जानकारी हुने नै छ ।

दुम्जा तीर्थ

हिमवतखण्ड निर्दिष्ट दुम्जा गाउँ छ सुन्दर
त्रिकुटाचल केन्द्रमा दुम्जा तीर्थ छ सुमंगल

हिमवतखण्ड उपपुराणका अनुसार त्रिकुटाचल पर्वतको केन्द्रमा अर्थात जनकपुर अञ्चल सिन्धुली जिल्ला दुम्जा गा. वि. स. को फेदी महादेवस्थानमा विभिन्न तीर्थहरुले भरिपूर्ण अति पावन पवित्र दुम्जा तीर्थ अवस्थित छ। पौराणिक आख्यान उपख्यानको आधारमा यस दुम्जातीर्थसँग सम्बन्धित तीर्थहरुको चर्चा गर्नु वाञ्छनीय लागेकोले छोटकरी रुपमा क्रमशः वर्णन गरिन्छ। कुशेश्वर तीर्थ, दुर्गातीर्थ र मार्कण्डेय तीर्थको समष्टि नामाकरण दुम्जा तीर्थ मानिएर यहाँ वर्णन गर्ने प्रयास गरिएको छ।

कुशेश्वर तीर्थः

आदिलिङ्ग स्थितोयत्र कौशिक्याश्च तटोतमे।
कुशेश्वर इतिख्यातस्तनैपालो विराजते॥
अध्याय १४(७०)

तत्र कुशेश्वरो लिङ्ग स्वं भूस्तेजसां परः
तत्र प्रहवली स्वच्छा कौशिकी च सरिद्धरा॥
संगमे लीलावत्याश्च आदिलिङ्ग विराजते।
अध्याय ४५-५६(११)

स्कन्ध उवाचः

इत्युक्ता प्रपयौं व्रह्मात्वरितं चमरै समं
कौशिक्या दक्षिणा तीरे आदिलिङ्ग महोज्ज्वले
तत स्नात्वा सुरा सर्वे कौशिक्यां जयकामतः।
आदिलिङ्ग समानर्चुर्भुक्न्या च तुष्टु चुर्मुदा॥
अध्याय २६-२७(११)

अबा पुस्ते सुसिद्धि वै स्नातकाः कौशिकी-जले ।
आदिलिङ्ग प्रपूज्याशु सम्पूर्ण सिद्ध मानसाः ॥

अध्याय ५९(८९)

हिमवतखण्ड उपपुराणको आख्यानअनुसार श्री कुशेश्वर तीर्थ एक महान तीर्थस्थल मानिएको छ। उपर्युक्त उपपुराणको श्लोक (४४) ७० अध्यायमा वर्णन गरिएअनुसार नेपाल अधिराज्यको कौशिकी तटमा कुशेश्वर आदिलिङ्ग अवस्थित रहेको तथ्य पुष्टि हुन्छ।

त्यस्तै ११ औं अध्यायको ५५-५६ श्लोकमा वर्णन गरिएअनुसार हिमालयको काखमा रहेको अत्यन्त निर्मल नदीहरुमा श्रेष्ठ कौशिकी र लीलावतीको संगममा कुशेश्वर आदिलिङ्ग रहेको तथ्य पुष्टि हुन्छ।

स्कन्द पुराणको हिवतखण्ड उपपुराणको ४१ अध्यायको २६-२७ श्लोकमा कुमारजीको भनाई अनुसार शुम्भ निशुम्भ राक्षसद्वारा सताइएका देवताहरुले दानव जित्ने इच्छा लिएर ब्रम्हाजीका साथ कौशिकी दक्षिणी तीरमा अति उज्वल आदिलिङ्ग भएको कुशेश्वर तीर्थमा गएर भक्तिसाथ महादेवको आराधना गरेको उल्लेख छ। त्यस्तै ८९ औं अध्यायको ५९ औं श्लोकमा दुर्गा भवानीको अनुग्रहले राक्षसलाई जितेर इन्द्रादि देवताहरुले कौशिकी नदीमा स्नान गरेर आदिलिङ्ग कुशेश्वर भगवानको ध्यान गरे र सिद्ध प्राप्त गरे भन्ने व्याख्या गरिएको छ।

यस क्षेत्रको वर्तमान भौगोलिक तथ्य र पौराणिक आख्यान, उपख्यानलाई दृष्टिगत गर्दा आदिलिङ्ग कुशेश्वर तीर्थ एक अतिपावन पवित्र तीर्थ हो भन्ने मनासिवै देखिन्छ।

दुर्गा तीर्थ

सिन्धुली जिल्लाको हेमकूट पर्वत्, काभ्रे जिल्लाको त्रिकूट पर्वत र रामेछापको कामकूट पर्वतको बीच त्रिकूट पर्वतको नजीक आदिलिङ्ग कुशेश्वरदेखि करीव २०० धनुपूर्वमा दुर्गातीर्थ छ। यो तीर्थ प्राचीन समयमा रोसी र कौंशिकीको संगममा र हाल सुवर्ण कौशिकीको दक्षिणी किनारमा पेटारे ढुङ्गाको नामले परिचित छ।

दुम्जा कुशेश्वर क्षेत्रमा तपस्या गरी शिवजीबाट बरदान पाएका शुम्भ निशुम्भ दानवहरुले त्रिलोक विजय गरी देवताहरुलाई दुःख दिइरहेको अवस्थामा सृष्टिकर्ता ब्रम्हाजी र देवतासमेत कुशेश्वर आदिलिङ्गको समीप कौशिकी किनारमा भेला भएर देवीको आराधना गर्दा स्वयं अष्टादश भुजा दुर्गा भवानी प्रत्यक्ष भएर देवताहरुको दुःख हरण गर्ने प्रतिज्ञा गरी उनीहरुलाई आश्वाशन दिएको र शुम्भ निशुम्भको देवताहरुमाथिको अत्याचार खप्न नसकी ती राक्षसहरुको वध गरी देवताहरुलाई स्वर्ग पठाई आफू उत्तर भागमा प्रस्थान गर्नु भयो भनी हिमवतखण्डको ४२ औं अध्यायमा उल्लेख गरिएको छ। ती दैंत्यहरुको वध गरेपछि देवीले खड्ग पखालेको क्षेत्रलाई दुर्गाघाट र खड्ग गाडेर अन्तर्ध्यान भएको क्षेत्रलाई खाँडादेवी भनेर मानिएको हो भन्ने कुरा पनि उक्त पुराणकै आधारमा सिद्ध भएको छ।

खाँडादेवीको प्राचीन स्थान कामकूटपर्वत हालको कुशेश्वर तीर्थको इशानकोण र देवतीर्थको नैऋत्यकोणको बीचमा रहेको रामेछाप जिल्ला अन्तर्गत माकादुम गा. वि. स. चोपराङ्ग डाँडामा अवस्थित छ। यो क्षेत्र दुर्गादेवी अन्तरध्यान भएको क्षेत्र भएकोले

यहाँ स्नान गरी खाँडादेवीको दर्शन गर्नाले मनुष्यको सम्पूर्ण इच्छा पूरा हुने र पापबाट मुक्त भै परम्गतिमा प्राप्त हुने कुरा पनि हिमवतखण्डको विभिन्न श्लोकका आधारमा पुष्टि हुन्छ ।

यस्तै भौगोलिक तथ्यलाई दृष्टिगत गर्दा यस तीर्थलाई दुर्गा तीर्थ भनिनु र मानिनु पनि मनासिवै देखिन्छ। किनकि दुम्जा तीर्थ नजीक रामेछाप जिल्ला अन्तर्गत खनियापानी गा.वि.स. डाँसेमा भुटुनदेवी, कालीदेवी, सिंहदेवी, सेतीदेवी, मालिकादेवी, खनियापानी गाउँमा जलदेवी, सुनपति डाँडामा सुनपतिदेवी, राकाथुम गा. वि. स. घोर्मे खोलामा जलदेवी, कोथवेमा झम्केश्वरी देवीको स्थान छ। त्यस्तै सिन्धुली जिल्लास्थित दुम्जामा जंगलादेवी र सेतीदेवी र मूलकोटमा मुकेटेश्वरीदेवी छन्। यस्तै अन्य देवदेवीका मन्दिर पनि यसका आसपासमा रहेकोले यसलाई तीर्थहरु मध्ये प्रमुख दुर्गा तीर्थ हो भन्नु स्वभाविक हुन्छ ।

यस क्षेत्रको पर्वतहरुमा पनि कामकूट पर्वतको तल्लो जुन कौशिकी नदीको उत्तर टाकुरो चन्द्र श्रङ्ग नाम गरेको दैंत्यले देवीलाई देखेको कुरा हिमवतखण्ड ४२ औं अध्यायबाट स्पष्ट हुन्छ। यही देवीसँगको भिडन्तमा चण्डमुण्ड नामक दैंत्य मारिएकोले कामकूट पर्वतको तल्लो श्रेणीको नाम चापाडी रहन गएको हो भन्ने अनुमान सहजै गर्न सकिन्छ ।

हिमवतखण्डमा उल्लेख भएका केही श्लोकहरु पनि यहाँ उदधृत गर्नु वाञ्छनीय देखिएकोले सज्जनवृन्दहरुमा यस तीर्थको महत्वका वारेमा थप पुष्टिका लागि यहाँ प्रस्तुत गरेको छु ।

युयुधुः खड्गहस्तास्ते कवंधा छिन्नकन्धरा ।
ततो दुर्गा पुनरतेषां योधानां सायुधान्भुजाानः ॥

हिमवतखण्ड ४२(५७)

देव्या स्वेदोद्भवायां च लीलावत्याश्च संगमे ।
स्नानत सर्व वाञ्छांद दुर्गा तीर्थ मुदाहृतम ॥

हिमवतखण्ड ८९ (५२)

दुर्गारव्यायां च कौशिक्या स्नातव्यं भक्ति तःसुत ।
गच्छत्यवस्यांपरं स्नाता विहायदुःख संसृतिम् ॥

हिमवतखण्ड १७० (३७)

दुर्गा रव्यायं च कौशिक्यां भक्त्या सुस्नयता सुराः ।
स्नाता महा नवभ्यां च अन्यत्कोटिगुणं फलम् ॥

हिमवत खण्ड १८६ (२०)

माथिको श्लोकबाट के स्पष्ट हुन्छ भने देवीको पसीनाबाट निस्केको कौशिकी नदी र लीलावतीको रोसीको संगममा रहेको दुर्गा तीर्थमा स्नान गर्दा सम्पूर्ण इच्छाहरु पूर्ण हुन्छन् ।

त्यस्तै १७० अध्यायको ३७ औं श्लोकमा र १८६ अध्यायको २० औं श्लोकका अनुसार भगवान कृष्णले आफ्ना पुत्र प्रद्युम्नलाई दुर्गानाम भएको कौशिकीमा महानवमीमा स्नान गर्नाले अन्य दिनमा स्नान गर्नुभन्दा धेरै गुणा बढी फल पाइने र संसारमा पुनः आगमनदेखि मुक्ति पाइन्छ भन्ने तथ्य उल्लेख गर्नु भएको छ ।

यसरी वास्तविक पौराणिक तथ्यलाई दुष्टिगत गर्दा यो दुर्गातीर्थ अतिपावन मुक्तिदायक देवतीर्थको रुपमा मान्न सकिन्छ।

यसरी के विश्लेषण गर्न सकिन्छ भने कुशेश्वर तीर्थ, दुर्गा तीर्थ र मार्कण्डेय तीर्थको महिमा अत्यन्त महत्वपूर्ण रहेको छ। वैदिक सनातन धर्मको स्थायित्वको लागि यस तीर्थको अस्तित्वलाई कायमै रहिरहन दिनका लागि यी तीर्थक्षेत्रहरुको बिकास गराइनु हिन्दू राष्ट्र नेपालका धारक र वाहकको प्रमुख कर्तव्य हो । विश्वका समस्त सनातन प्रेमी वन्धुहरुको ह्दयमा शिवशक्तिले यस क्षेत्रको (तीर्थस्थलहरुको) विकास गराउने कार्यमा प्रेरणा प्रदान गरुन।

मार्कण्डेय तीर्थः

(हिमवतखण्ड ४३ औं अध्याय)

वराह उवाचः-

काशिक्यां कुरुते श्राद्धं पितृभ्यो भक्तियुङ्नर ।
पितृनुदधृत्य सप्तत्रीन पितृलोके महीयते ॥१६॥
दत्त हुत्तं च कौशिक्या जप्तं समर्च्चितं तथा ।
उपवासं च धर्म्म तत्सर्वमक्षयं स्मृतम ॥१७॥
मृकण्डोश्च सुत विप्रः पितृन्सन्तर्त्य सन्ततम् ।
श्राद्धं चकार भक्त्या वै कौशिक्यां च पुरा मुने ॥१८॥
तत्पितर समागत्य व्योम्ठयश्च तत्तरे मुदा ।
पिण्डौस्तिलोदेकैस्तृत्पस्मै प्रददुराशिषम् ॥१९॥

पितर उवाचः

यस्मात्तिलोदकादानाद्वयं तृप्ताश्च पिंडत ।
चीरजीव्यास्त्वमद्यादि पुत्रा स्मद्भक्तिसंयुतात् ॥२०॥
मा त्वया म्रियतां पुत्र वहुसर्व युगेष्वपि ।
कल्पान्ते वत्स वै त्वं हि हरौ लीनो भविष्यसि ॥२१॥

स्कन्द उवाचः

दत्वेति पितरस्तस्य मार्कण्डेयाय वै वरं ।
अंतर्द्धान ययुर्ष्योम्नि तृप्ताः पिण्डतिलोदकै ॥२२॥
मार्कण्डेयो हि चाद्यापि चिरं जीवति विज्वरः ।
कौशिक्यां पिण्डदानाद्धि पितृणां च प्रसादतः ॥२३॥

यसरी हिमवतखण्डको ४३ औं अध्यायको विभिन्न श्लोकअनुसार यस तीर्थमा तीर्थश्राद्ध गर्नाले २१ पुस्ताका पितृहरु मुक्त हुने र आफू पनि पितृलोक जाइन्छ भन्ने तथ्य उल्लेख भएको पाइन्छ। परापूर्वकालमा मृकण्डु ऋषिका छोरा मार्कण्डेय ऋषिले भक्तिपूर्वक कौशिकीमा श्राद्ध गर्दा उनका पिण्डपानी तर्पण आदिले उनका पितृहरु मुक्त हुनपुगे र उनलाई चिरञ्जिवी हुने बरदान दिए र अन्त्यमा भगवान विष्णुले आशीर्वाद दिएको तथ्य पनि पौराणिक आख्यानका आधारमा पुष्टि हुन्छ।

स्वामी गोपालदासव बाबाको संक्षिप्त परिचय

वि.सं.१९९६ सालतिर घुम्दै कुशेश्वर आइपुग्नु भएका गोपालदास वावाको वारेमा यस पुस्तकमा केही भनिएन भने त्यति सार्थक सिद्ध हुदैन होला किनभने जसले कुशेश्वरलाई आजको स्थितिमा ल्याइदिए यत्रो महान कार्य गरेर हामीमा अटूट संझनाको श्रृखला जोडेर गए जुन हामीबीच त्यो सम्झना मेटिदैन होला । उहाँजस्तो साधुको उपस्थिति यहाँ नभइदिंदो हो त कुशेश्वरको स्थिति बरबगैंचा, यज्ञशाला पाटी-पौवा महादेवको मन्दिर अहिलेको जस्तो नभएर उही पहिलेकै झै झाडीका बीचमा सीमित भएर रहन्थ्यो होला । यसको अस्थित्व यति उँचो होला भरेर कल्पनासम्म पनि गर्न सकिन्न । पूजाआजालाई नियमित रुपमा चालू राख्ने, विभिन्न बैदिक यज्ञहरु गराई चालू राख्ने, विभिन्न वैदिक यज्ञहरु गराई कुशेश्वरको महात्म्यलाई फिँजाउने कार्य पनि उनै परम आदरणीय स्व.गोपालदासबाबाबाटै भएको हो ।

उहाँको विषयमा कुशेश्वर यात्राको प्रसंगमा समाजसेवी विद्वान श्री दीर्घराज कोइरालाज्यूले लेख्नु भएको केही शव्द, दुम्जाली महानुभावहरुले व्यक्त गरेको कृतज्ञता तथा स्वर्गीय पं. गोविन्दप्रसाद दाहालज्यूको कविता र पं. वाशुदेव खतिवडाज्यूको यसै पुस्तकमा पनि संलग्न रहेको कविताबाटसमेत जान्न बुझ्न सकिन्छ । त्यस्तै "कुशेश्वर यात्रा" भन्ने उहाँबाट प्रकाशित पुस्तकबाट पनि केही जानकारी पाउन सकिन्छ । यस पुस्तकमा तीर्थ घुमेर के हुन्छ ? कुशेश्वरलाई किन सिद्धपीठ भनिएको ? यस क्षेत्रको वातावरणका साथै यस क्षेत्रको विकासको लागि चालिएको कदम बारे लेखिएको छ ।

उहाँले यस पुस्तकमा ब्रम्हचर्याश्रय खोल्ने र ६४ लिङ्गको परिचयका बारेमा भक्तजनहरुलाई जानकारी दिलाउने बिचार प्रकट गर्नु भएको थियो। तर समय र नदीको भेलले मानिसलाई पर्खँदैन भनेझै उक्त महान कार्य पूरा हुन सकेनन्। समय र परिस्थितिले साथ दिएमा यस टिप्पणीकारको ६४ लिङ्गका बारेमा जानकारी गराउने लक्ष्य छ। सोही प्रयास अनुरुप १५ लिङ्ग तीर्थका बारेमा एउटा पुस्तक प्रकाशित भैसकेको छ र बाँकी कार्य सम्पन्न गर्ने प्रयास जारी नै छ। ब्रम्हचर्याश्रम खोल्ने यस क्षेत्रलाई धार्मिक क्षेत्रको रुपमा विकसित गर्दे लैजाने दिशामा हामी सबै एक भई अगाडि बढ्न सकेको खण्डमा पूरा हुन सक्ने थियो तर श्री ५ को सरकारले पनि यस क्षेत्रको विकासप्रति चासो देखाउनु पर्ने कुरा भने निर्विवाद नै छ।

यसरी हामीले उहाँका ती अधुरा कार्यहरु पूरा गर्ने अभियानमा सहभागी हुन सकेमा नै उहाँप्रति हार्दिकतापूर्वक श्रद्धासुमन अर्पण गरेको ठहर्छ र उहाँको आत्माले शान्ति पाउन सक्छ भन्ने विश्वास छ। उहाँले प्रकाशित गराउनु भएको यस कुशेश्वर तीर्थ सम्वन्धीकै सम्पूर्ण अंशलाई पनि यस पुस्तकमा पनि समावेश गराउने धृष्टता गरेको छु। उक्त पुस्तक हाल लगभग अप्राप्य जस्तै भएकोले गर्दा उहाँद्वारा लिखित उहाँका बिचारहरुलाई यस पुस्तकमा समावेश गरी संरक्षण दिन सकिन्छ कि भन्ने मनशाय रहेको हो। केही शव्दहरु थपघट मात्र गरिएको हो यस थपघटलाई सज्जनवृन्दहरुमा दु:ख लाग्ने छैन होला भन्ने आफूमा विश्वास छ।

केही हरफहरुमा केही अर्थ संकोच हुन गइरहेको हो कि भन्ने आशंकाले मात्र केही शव्दहरु थपघट गरिएका हुन् । यस पुस्तकमा नैं संकलित पं.वासुदेव खतिवडाको दुम्जास्थित श्री कुशेश्वर महात्यका साथै स्वर्गीय गोपालदास बाबाको परिचयबाट पनि धेरै कुराहरु थाहा पाउन सकिन्छ । श्री कुशेश्वरको भक्त स्वामी गोपालदास बाबाको बारेमा जति लेखेपनि अधुरै नै हुन्छ । यद्यपि माथि उल्लेख भए झैं स्वामी गोपलदासका वारेमा केही नलेखिए यो पुस्तकको सार्न्दभिकता केही अधुरै रहला भन्ने मनशायले उहाँको वारेमा दुई शव्द टिप्पणीका साथ उहाँको बारे आफ्नै ह्दयदेखि स्फुरित निजी बिचारहरु यहाँ समावेश गरेको हुँ ।

अन्त्यमा यस कुशेश्वरको विकासका संवाहक, परम आदरणीय स्वर्गीय स्वामी गोपालदास बाबाप्रति हार्दिक शव्द श्रद्धाञ्जली अर्पण गर्दै उहाँले हाम्रा सामु छाड्नु भएका गहन जिम्मेवारी पूर्ण गर्ने गराउने दिशामा भगवान कुशेश्वर बाबाले प्रेरणा दिऊन भन्ने प्रार्थना गर्दछु ।

ॐ: नम शिवाय

भक्तवृन्द :

सन्यास लिएर मैले पहाडी तीर्थको सेवा गर्ने लक्ष्य लिई प्रस्थान गरेको थिएँ । घुम्दै आउँदा दुम्जा भन्ने ठाउँमा आइपुगें । पछि नाथको दर्शन गर्न जाने इच्छा भएर मन्दिरतिर जाँदा त भक्तहरुका प्राण श्री कुशेश्वर नाथको चारैतर्फ भत्के बिग्रेको सिवाय केही दृष्टिगोचर भएन । झारपातले छोपिरहेको, काग कुकुरहरुको वासस्थान भएको, कुनै ऋृषि सन्तानले हेर्नै नसक्ने भईरहेको, पूजा पनि नचलेको तर पनि देदीप्यमान लिङ्गको दर्शन गरें । अनि त अरु सेवाभन्दा जीर्णशीर्ण यस स्थानको सुधार गर्नु पुण्य हो भन्ने विचार गरें । यसै समय सहृदय भक्तहरुले सो कार्यको अभिभारा मलाई नै सुम्पने आग्रह प्रकट गरेकोले धर्मार्थ जतातते गई सो कुरा सुनाउँदा बुझाउँदा जो कुनै हिन्दू धर्मावलम्वीको हृदय अडन सकेन। धेरै गाउँका भक्तहरुले चन्दा गरे, मद्दत गरे । जुन मद्दतबाट सुनको मुलम्मा लागेको गजुर, काँच जड्ति जमीन भएको नाथको मन्दिर, यज्ञशाला दीन दुःखीका निमित्त यथाशक्य सिदाको बन्दोवस्त गरी गूठ थप्नलाई र औषधालय स्थापना गर्नलाई समेत सरकारसँग विन्ती गरी श्री त्रिपद्म आयुर्वेदीय औषधालयसमेत व्यवस्था भईसकेको छ ।

माथि भने झैं मन्दिर बनाउन सुनको मुलम्वा लागेको गजुर, वगैचा, पूजाको नित्य खर्च, टहलवा, पुजारी, गाई, धुनी दीन दुःखी, जोगीहरुको निमित्त यथाशक्य खर्चसमेत भक्तहरुबाट उठ्यो र चलिरहेको छ। नित्य पूजाको निमित्त सरकारबाट गुठीको वन्दोवस्त हुन लागेको छ ।

धर्म भनेको धेरै खर्च, गरेर पनि हुने कुरा होइन । श्रद्धा भक्तिले दुईचार रुपैयाँ खर्च गरेकोमा सबैको धन जम्मा हुँदै जाँदा कालान्तरसम्म चलिरहने काम हुन्छ, यो सानो कुरा होइन । परलोकको साथी यस्तै सुकार्य गर्दा नै पाइन्छ । ब्रम्हचर्यश्रम खोल्ने विषयमा विचार उठान गर्न लागेको छु, यो यात्राको आद्यरन्त हेरेपछि सबै जाहेर हुने नै छ ।

<u>तीर्थ घुमेर के हुन्छ ?</u> - यसो भन्ने मानिस पनि धेरै छन् तीर्थको महात्म्य नै नसुनेका मानिसलाई तीर्थको महत्व के थाहा हुनु ? हाम्रो देशमा विद्यमान तीर्थको अलग अलग परिचय दिई वयान गर्ने हिमवतखण्ड नाम एउटा उपपुराण छ । त्यसमा उल्लेख भएका धेरै कुराहरु अन्य पुराणहरुमा पनि मिलेको देखिन्छ । त्यस ग्रन्थमा आदिलिङ्ग नाथको दर्शन पूजा सेवा र स्नान गर्ने जो विधान वनाइएको छ त्यसैबाट अलिकति महात्म्य तल दिएको हुँ जसबाट सज्जनहरुलाइ त्यसबारे बुझ्न सजिलो हुनेछ ।

आदिलिङ्ग स्थितो यत्र कौशिक्याश्च तटोत्तमे ।
कुशेश्वर इतिख्यातस्तन्नैपालो विराजते ॥
आस्ते कुशेश्वर ! शम्भु गिर्रो दुम्जा मिधे शुभे ।
देव्या : स्वेदोद्भवायां च लीलावत्याश्च संगमे ॥
स्नानत : सर्व वाञ्छांद दुर्गा तीर्थ मुदाहृतम ।
तस्मि स्तीर्थे नरोगत्वा स्नान दानादिंक चरेत ॥
कुशेश्वर समभ्भर्च सर्व पापा प्रमुच्येत ।
हव्य कर्वाचन तथाऽनन्त कोटि गुणं फलम ॥

(हिमवतखण्ड ७ अध्याय)

अत्रैवन्च मम क्षेत्रे सम तीर्थानि शान्ति च ।
सहस्राणि शताश्चैव विश्र काटमार्थ कोटि भि :॥

(हिमवतखण्ड अध्याय ८९)

यस्तै अनेकन महात्म्य सप्रमाण लेखिइराखेको सज्जनहरुमा जाहेरै छ । ६४ लिङ्गयात्राको पुस्तक चाडै नै प्रकाशित हुने भएकोले उसैबाट पूर्णरुपले परिचय हुनेछ ।

त्यस्तै वाग्मती यात्राको महात्म्य बताएकोमा नेपाल भित्रकै तीर्थ हुनाले धनाढ्यहरुले सालको एकपटक तीर्थ उठाएपछि लाग्ने, अकिञ्चनहरुको सहायता गर्दै लैजाने गरेका छन् । लामो यात्राले धनी गरीबको सहयोग गराउँदो रहेछ भन्ने पनि बुझिन्छ ।

लिङ्ग तीर्थ उठान गर्ने पहाड, भीर, पर्वत, नदी, नाला र जङ्गल जङ्गल पनि हिंडनु पर्ने हुनाले रोकिई रहेको छ । अव त सर्वत्र आवादी गाउँ-गाउँ हिड्नलाई गाउँको बाटो बनिसकेकोले सम्झेको जस्तो बिकट उस्तो पर्दैन । कुनै दिन यो यात्रा पनि भक्तहरुले उठान गर्नेछन् । पाश्चात्यहरुले घुमी-डुली अनेक कष्ट झेली नयाँ देशको पत्ता लगाई आवादी बढाइरहेका छन् ।

हामीलाई हाम्रा पूर्वजहरुले आफ्नै देशभित्र पत्ता लगाइदिईराखेको त्यस्ता ठाउँहरुमा पुग्न पनि आज एउटा महान कार्य भइरहेछ । यदि हामीहरुले स्वदेशको पहाडी तीर्थको यात्रा नछोडेको भए आजसम्म हाम्रो देशमा बाटो, पुल, धर्मशाला निमित्त विचार गर्ने कति सहृदय भक्तहरु निस्कने थिए । देशको कत्रो संस्कृति फैलिने थियो । ग्रामीण जीवनसँग हाम्रो कति गहिरो सहानुभूति प्रेम बढ्ने थियो ।

आफ्नो देशको पहाड, भीर, जङ्गल तथा हावापानीसंग पूर्णतया परिचय हुने थियो । फेरि धर्मतिरबाट भित्री अन्त: करणको धुवाई र हावापानीबाट बाहिरको सफाई हुने थियो । तीर्थाटनले स्वदेशप्रेम र दीर्घजीवनसँग सरोकार राख्दछ भन्ने थाहा पाइन्छ ।

तीर्थ गर्दै जाँदा कतै ८० बर्षका बुढाले सहजै हलो जोतेको र ह्रष्टपुष्ट रहेको शरीर निरोगको चिन्ह देखिन्छ । तीर्थ यात्राबाट हामीहरुको दीर्घजीवन दिने ठाउँको पनि याद हुन आउने रहेछ । हाम्रा पूर्वजहरुले धर्मको रुप लिएको कार्यभित्र कति सूक्ष्म कुराको पत्ता लाग्न आउँछ । सज्जनहरले बिचार गर्नु पर्ने कुरा छ ।

यो ठाउँको वातावरण:-रोसी भन्ने खोला र पतित पावनी सुवर्ण कौशिकी गङ्गाको संगम, निर्मल जल, सुरम्यस्थल र अन्य उच्च शैल शिखरको माझ, पूर्व र पश्चिम नदीको स्रोत परेको दार्जलिङ नेपाल आउने जाने र मधेश जनकपुरबाट आउने चारौंतर्फको मूलबाटो परेको र नेपाल राजधानीबाट ठीक १८ कोश पूर्वको सिन्धुली गुठीको इलाकामा दुम्जा श्री कुशेश्वर स्थान पर्दछ । हिउँदमा दर्शन गर्ने मानिसहरुको विशेष भीड हुन्छ । पुण्य सलीला सुवर्ण कौशिकीको किनार हुनाले पाचन शक्ति गुण यस ठाउँमा प्रशस्त पाइन्छ ।

यहाँ सिद्धप्रद किन मानेको छ ? : अघि स्वयं ब्रम्हाजी दुम्जामा सवारी भएर तपस्या गर्नुभएछ र वहाँका ध्यानयोगले चिन्तन गर्दा कुशेश्वर नाथ प्रत्यक्ष प्रकट हुनुभएको रहेछ ।

फेरि स्वयं अन्य दश भुजा स्वरुपकी भवगती दुम्जामा नै पाल्नु भएर कुशेश्वर नाथ रिझाउनु भएको भन्ने पनि हिमवतखण्डमा उल्लेख छ । यसको प्रमाणको निमित्त दैत्य जितेर रगत पखालेको ठाउँलाई दुर्गाघाट कायम गरी खड्ग पहाडमा लगेर स्थापना गर्नु भएकोले खाडादेवी भन्ने नाम चलेको छ । यो पीठमा अहिलेसम्म सरकारी पूजा चलेको छ ।

<u>अव केही पछाडिको सिद्धि</u> :- तपोभूमि दुम्जा कुशेश्वरमा धेरै काल तपस्या गरेर त्यो कुशेश्वरमा धेरै काल तपस्या गरेर त्यो बढेको तपोवलले भगवान महर्षि मरिचीका छोरा नेमुनीजीले नै नेपाल बसालेर पालना गरेका हुन् भन्ने इतिहासबाट बिचार गर्न सकिन्छ ।

महर्षि विश्वामित्रजीको गुफा अद्यावधि त्यहाँ प्रत्यक्ष देख्न सकिन्छ । उहाँको तपोवल यसै ठाउँमा बढेको हो भन्ने पनि हिमवतखण्डमा लेखिएको छ । उहाँको शिष्य भिमाण्डक र निजको पुत्र तपोवन ऋङ्गभृङ्ग त्यहींको तपोवलले प्रख्यात हुनुहुन्छ ।

ऋृङ्गभृङ्गलाई कौशिकीको बाटो एक सुन्दर डुङ्गा रचेर त्यस डुङ्गाबाट नर्तकीले अङ्ग देशका राजा लोमपदकहाँ लगेकी रहिछ भन्ने कथाका प्रमाण पनि महाभारत वनपर्वमा पाइन्छ ।

नेपाली सम्वत् ८९१ को कुरा हो, राजा जयजग मल्लले कुशेश्वर नाथको ज्यादा भक्तिभाव गरिरहेकाबाट राज्य सिंहासन पाए। पछिसम्म पूजा चलाउनको निमित्त शंकरको लागि खेत गुठ अर्पण गरेका, ताम्रपत्र, शिलापत्र ,मुकुट र गहना उनैले चढाएको देखिन्छ। ताम्रपत्रमा उनी राज्यका उत्तराधिकारी मानिएको देखिदैन । ता भक्तिभावबाट नै दैव संयोगले राज्यभिषेक पाएछन भन्न सकिन्छ ।

बिक्रम संवत १९५० साल वरैको कुरा हो, एउटा सिद्ध त्यहीं बसेका थिए, आषाढको महिना थियो, घर जाओ अहिले रोसी यताबाट आउँछ, भोली मैले पशुपतिको दर्शन गर्न जानुपर्दछ भनी ती सिद्धले गाउँलेहरुलाई विदा दिएपछि ठूलो घनघोरसंग पानी दर्केछ । एक छिनमा बाढी आई ठिक पूर्वतिरको बाटो लिएछ र भोलीपल्ट सिद्धलाई हेर्न गाउँलेहरु आउँदा ती सिद्ध महाराज नेपालतर्फ प्रस्थान गरेछन । यो कुरा जान्ने सुन्ने बुढा गाउँलेहरु छँदैछन् ।

यसो बिचार गर्दा एक न एक नाथको कार्यमा प्रस्थान गरेपछि एक न एक सज्जन सहायक बनेर कार्य सम्पादन गराइदिने गरिरहेकै छन्

योो पनि सिद्धिको एक अङ्गमा नै परेको छ। यस्तो तपोभूमि न यज्ञ, न योग, न विद्या त्यसै खाली परिरहेको छ। मेरो मनले मानेन्।

"नाहि ज्ञानेन सदृष्य पवित्रमिह विद्यते"

गीतामा भगवानले स्पष्ट शव्दमा भन्नु भएको छ। यो संसारमा ज्ञानभन्दा ठूलो वस्तु अरु केही देखिदैन। ज्ञानोपार्जनका निमित्त विद्या एकमात्र साधन हो। यदि हामीहरुले एकदिन कसैलाई खान दियौं भने अर्को दिन फेरि उसलाई भोक लागिहाल्छ। त्यसलाई कुनै उद्योग कलात्मक विद्या सिकाइदियौं भने त जीवनमा उसले जिन्दगीभरि दुःखको सामुन्ने पर्नु पर्दैन। यति मात्र होइन, उसैबाट फेरि हजारौं शिक्षित विद्यार्थीहरु तयार हुन सक्छन। ठूला-ठूला महात्माहरुको भनाइमा त सभ्य भिक्षु बन्नुभन्दा अरु काम गरी जीवन निर्वाह गर्नु लाभ मानेका छन्।

यसकारण दोहोऱ्याएर भन्दछु विद्यादानभन्दा लाभदायक दान अरु कुनै छैन। यो विद्या पनि यस्तो हुनुपर्दछ कि कर्मेन्द्रिय अन्तःकरण शरीर मष्तिष्क र हृदयमा पूर्णरुपले भिज्न सक्ने होस्। यसैबाट मात्र मानिसको आत्मवल स्फुरण शक्ति बढ्दछ, बढ्न सक्दछ। त्यसैलाई मनुष्यत्वको ज्ञान हुन्छ यथार्थमा यस्तो विद्याले मात्र आफ्ना ऋृषि सन्तानको कल्याण गर्न सकिन्छ।

मैले यस क्षेत्रको संक्षिप्त परिचय र उठान गर्न लागेको ब्रम्हचर्यश्रमको बिषय सज्जनहरुसंग निवेदन गरेको छु। जुनसुकै कार्य पनि एकजनाबाट एकैपटक समाप्त गर्न मुश्किल छ। धेरै जनाको सहयोगबाट भए सुगम रुपले चल्ने हुनाले भक्तहरुले आफ्ना आयस्ता अनुसार आफूले र अरुबाट समेत कुरा मिलाई चन्दाबाट पूर्ण सहायता र अनुग्रह होला भन्ने पूर्ण आशा राखेको छु।

अन्त्यमा परमात्मासँग यही प्रार्थना गर्दछु विद्यादानमा सहयोग गर्न अग्रसर होऊन्।

–स्वामी गोपालदास महन्त

"इति शुभ्म"

कविवर धरणीधर कोइराला वारे दुई शब्दः

कविवर धरणीधर कोइरालाको जन्म १९४९ सालमा सिन्धुली जिल्ला दुम्जामा भएको हो । उहाँले भारतको वनारसबाट उच्च शिक्षा हासिल गर्नु भयो भने दार्जेलिङ्गलाई आफ्नो कार्यक्षेत्र बनाउनु भयो । विशेपत "सूधपा" (सूर्य विक्रम ज्ञवाली, पारसमणि प्रधान, धरणीधर कोइराला)को उपनामले बढी परिचित कोइरालाले दार्जेलिङ्गमा रहेर धेरै लामो समयसम्म शिक्षण पेशालाई अंगाल्नु भयो। एकतन्त्रीय जहानियां राण शासनको कारणले प्रवासमा रहनु परे पनि उहाँले भाषा साहित्यको विकासमा उल्लेखनीय सेवा पुऱ्याउनु भएको छ ।

नेपाल र नेपालीको मुक्तिको लडाईमा निकै लामो समयसम्म लडेको इतिहास पनि ज्यूँदो छ । विशेषतः आफ्ना रचनाहरु मार्फत जनतालाई सुसूचित गराउने क्रममा उहाँको धेरै फुटकर रचनाहरु पत्रपत्रिकाहरुमा प्रकाशित भएका छन् भने कृतिका रुपमा "नैवेध" र "स्पन्दन" उहाँका अत्यन्त चर्चित कृतिहरु हुन् । नैतिक चेतना र आध्यात्मिक सन्देशको प्रचुरता पाइने उहाँका रचनाहरुमा समाज सुधारको लागि पाठकहरु प्रतिको आग्रह पनि त्यतिकै प्रतिविम्वित हुन्छन् ।

प्रस्तुत पुस्तकमा कविवर धरणीधर कोइरालाको प्रकीर्ण स्तोत्राणि (प्रातस्मरण) र "विनयानुरोध" शीर्षकका दुई कविताहरलाई समेट्नु सान्दर्भिक लागेकोले संग्रहित छन् ।

प्रस्तुत कविताहरु एउटा संस्कृतमा छ भने अर्को नेपालीमा रचित छ । यी कविताहरुको बारे टीका टिप्पणी गर्नुपर्ने आवश्यकता छैन भ्रै लाग्छ । उहाँ जस्ता कविको कृतिमा समालोचना गर्नु भनेको हामी जस्ता साधारण कविताप्रेमीहरुको लागि मात्र त सूर्यलाई हत्केलाले छेक्नु वरावर नै हो । अत: यस वारेमा टीका-टिप्पणी गर्ने काम पुन: पाठक सामु नै छोड्दैछु । संग्रहित दुई कविताहरु समेटिंदा सम्पूर्ण पाठक महोदयहरुको स्वीकारोक्ति रहन्छ नै र कविवरको आत्माले पनि अनुमति दिने नै छ भन्ने विश्वास लिएको छु ।

प्रजातन्त्रका खातिर आफ्नो जीवनको धेरै समय प्रवासमा विताएर संघर्ष गर्ने हाम्रा अमूल्य निधि कविवर कोइरालाको प्रजातन्त्र पुन: स्थापित हुनुभन्दा एक दशक अगाडि अर्थात वि.सं. २०३६ सालमा काठमाडौंमा देहवसान भयो ।

अन्त्यमा स्व. कविवर धरणीधर कोइराला प्रति हार्दिक शव्द श्रद्धाञ्जलि अर्पण गर्दछु । उहाँको अभावमा आध्यात्मिक क्षेत्रको एउटा तारा विलायो, साहित्य क्षेत्र अमूल्य निधिको सहारा विनाको टुहुरो बन्यो । एउटा संघर्षशील प्रजातान्त्रिक योद्धाको अन्त्य सँगसँगै जन साधारणले नैतिक सन्देश र जनजागरणको कवितात्मक सन्देशवाट वञ्चित बन्नु पर्‍यो ।

"प्रकीर्ण स्तोत्राणि" (प्रात : स्मरणम)

" श्री शिवस्य" (१)

प्राप्त स्मारामि भवतीत हरं शुरेशं
गङ्गाधरं वृषभवाहनाम्विके केशम्।
खटवाङ्ग शुलवरदा भय हस्त मीशं
संसार रोग हरमौषधभद्वितीयम्॥ १॥

प्रातर्नमामि गिरिशं गिरीजार्द्धदेहं
सर्गस्थिति प्रलयकारणमादि देवम्
विशेश्वंर विजित विश्वमनो डभिरामं
संसार रोग हरमौषधमद्वितीयम् ॥ २॥

प्रातर्भजानि शिवमेकमन्तमाघं
वेदान्त वेद्य मनद्यं पुरषं महन्तम्।
नामादि भेदरहितं षड्भावशून्य
संसार रोग हरमौषध मद्वितियम् ॥ ३॥

प्रात समुत्थाय शिवं विचिन्त्य
श्लोकत्रयं येनुदिनं पठन्ति।
ते दुः खजातं बहुजन्म सञ्चितं
हित्वा पदंयान्ति त देव शम्भोः॥ ४॥

शिवो महेश्वरः शम्भुः पिनाकी शशि शेखरः।
शंकर शुलपाणिश्च महादेव कुशेश्वर :॥ ५॥
जगदगुरो नमस्तुभ्यं शिवाय शिवदाय च।
आदिलिङ्ग स्वरूपाय कुशेश्वराय नमो नमः॥ ६॥

सनातन सन्देश

शाश्वत धर्म सनातनै अमर रहोस यो विश्व भूभागमा ।
वैदिक धर्म छ यो महान अति नै सम्पूर्ण संसारमा ॥
विश्वै शान्त हुने छ पालन गरे यस धर्मको सब दिन ।
प्राणी सब बढेर रहलान ऐश्वर्य भोगीकन ॥

॥१॥

हाम्रो सनातन तबसम्म अड्छ ।
हिन्दूत्वकै सार जबसम्म टिक्छ ॥
धर्मै सनातन तब नाश हुन्छ ।
हिन्दूत्वको सार जब ह्रास हुन्छ ॥

॥२॥

होला सनातन जब धर्म नाश ।
अधर्मको हुन्छ तवै विकास ॥
भार हुन्छ ठूलो पृथ्वी भरैमा ।
नासिन्छ यो सृष्टि क्षण क्षणैमा ॥

॥३॥

गीतामा सनातन धर्म

वरिष्ठोऽखिल धर्मेषु धर्म एव सनातन : ।
जायन्ते सर्वधर्मास्तु सनातनः सनातन : ॥

कुशेश्वर तीर्थ

- अर्जुन कुमार खड्का

स्वर्णे कौशिकी पवित्र तटमा देवै कुशेश्वर भए ।
लीलावती औ सुनकोशी मध्यस्थलमा दुर्गा प्रकट भइगइन ॥
भाइ दुई शुम्भ निशुम्भ हुनगै त्यहीं तपस्या गरे ।
पाइ वर दुई नै वली हुन पुगे सेखी सबैको हरे ॥
॥१॥

सृष्टिको शुरुमा चतुर्मुखजीले त्यहीं तपस्या गरे ।
कोशी संगममा चतुर्भूजजीले दर्शन त्यहीं नै दिए ॥
आदिलिङ्ग स्वरुप श्री शिवजी यहीं नै प्रत्यक्षै भए ।
आदिशक्ति श्री भगवती यहीं प्रकट भइ गइन् ॥
॥२॥

कुशेश्वर बीच शान्ति खलवलिन गो दानवी त्यै चालले ।
द्यौता ती भयभीत लौ हुन गए त्यो आँसुरी चालले ॥
शिवको वरदानले असुर ती औधी घमण्डी वने ।
दैवीगण सब नै लखेटिन गए त्यो दानवी क्रोधले ॥
॥३॥

द्यौताहरु सब परस्पर मिली सल्लाह गर्दा भए ।
ब्रम्हा सामु सबै उपस्थित भई यो विन्ती गर्दा भए ॥
द्यौताको उजुरी सुनी सहज नै ब्रम्हा प्रकट त्यैं भए ।
यस्तै क्रम मिलदा यसै स्थलमहाँ दुर्गा प्रकट भइगईन ॥
॥४॥

दैवी शक्तिको नै प्रभाव वलले देवी खुशी देखिइन ।
देवैगणहरुको त भक्ति बलले प्रत्यक्ष देवी भइन ॥
दैवी शक्ति तरफ रहेर यिनले लडने इरादा गरिन ।
संकेत पाइ त्यहाँ त्रिलोचनजीको सारा सफाई गरिन ॥

॥५॥

देवीको त प्रभावले अति ठूलो शान्तै स्वराष्ट्रै वन्यो ।
आदिदेव शिवको त नेत्रबीचमा प्रसन्नता देखियो ॥
विदावादी सवै ती मित्रगणको यसै स्थलैमा भयो ।
शक्ति औ शिवको स्वधाम गमनै यसै स्थलैमा भयो ॥

॥६॥

यस्तै रितसित सत्य युग वितीगयो ज्ञान ध्यानको कामले ।
त्रेतायुग जब भो अबतार लिनुभयो श्री रामचन्द्रजीले यहाँ ।
द्वापरमा पनि भिमसेनसंग हुनगयो भेटघाट यस्तै गरी ।
कीर्तनको छ प्रभाव यस कलिविषे तर्छन् सवै जनपनि ॥

॥७॥

दामोदर भनी ब्राम्हण हुनगए अत्यन्त चर्चित यहाँ ।
उनकै वंश फिंजारिदै सव भए प्रख्यातनामा जहाँ ॥
आदिलिङ्ग कुशेश्वरै पनि छ यो नामचलेको अति ।
वावा आइ सुधार खुवसित गरे गोपालदासले पनि ॥

॥८॥

दुई हजार अठारमा हुन गए गोपालजी अस्त नै ।
क्षेत्रैका पनि भक्त जो अघि थिए बन्दै गए दुष्मन ॥
वैदिक धर्मका विरोधमा तिनले किल्ला र बन्दी गरे ।
प्रभु हुन ती जुन सनातनविषे अन्यौलमा पो परे ॥

॥९॥

सरकारको पनि दृष्टि कम हुन गयो अध्यात्मिक क्षेत्रमा ।
साधारण जनको आस्था पनि घटी भयो वैदिक सनातनमहाँ ॥
खाली भौतिकवादमा छ अहिले आस्था बढेको यहाँ ।
ध्यानै पुग्न सकेन सर्वजनको कल्याणको काममा ॥
॥१०॥
विश्वै शान्त हुनेछ आखिरमा कुशेश्वर कृपादृष्टिले ।
विश्वास धर्मविषे हुनेछ पछि ता दुर्गाजीको ध्यानले ॥
नारायण प्रभुको प्रताप बलले सव स्वस्थ्य वन्लान यहाँ ।
सवको बुद्धि फिरेर स्वस्थ्य रहलान सारा दुनियाँ यहाँ ॥
॥११॥
स्वर्णै कान्ति समानको निकटमा कुशेश्वरै ती भए ।
स्वर्ण दुवै संयोग तटमा दुर्गाक्ष घाटै बने ॥
आदिशक्ति हिमालको ती तटमा प्रत्यक्ष यहीं भइन ।
शुम्भादिहरुले तपस्थल यहीं जानेर लिनु पर्‍यो ॥
॥१२॥
आसुरी मतको अघि विगविगी यसै स्थलैमा भयो ।
देवीको प्रकटै तथा चकचकी यसै स्थलैमा रहयो ॥
दैत्यको पहिले चमक पनि हुनगयो पहिले यसै क्षेत्रमा ।
देवीको पछि ता प्रताप थपियो यसै प्रभा भूमिमा ॥
॥१३॥
सत्यैयुग पनि व्यतीत हुनगो यसै प्रकारले गरी ।
विश्वामित्रजीको तपःस्थल त्रेतायुगैमा पनि ॥
लोमश जनऋषि ती हुन यसै स्थलमा पैदा अगाडि भए ।
दामोदर भनी नामका ता अहिले विद्वान यसैमा भए ॥
॥१४॥

दामोदर कुलैमा त जन्म हुन गयो कोइराला कृष्णजीको ।
एम.पी, वि.पी, जि.पी. त सुपुत्र हुन गए कोइराला कृष्णजीको॥
तीनै भाइ ती कृष्णका हुन गए प्रधान नेपालको ।
अत्यन्तै चर्चित ती हुन गए, इतिहासमा विश्वको ॥
॥१५॥
कोइरालाको पनि वंश उच्च हुनगो पुरख्यौंलीको धर्मले ।
दुम्जा गाउँ प्रसिद्ध हुन गयो कुशेश्वरै पीठले ॥
बाँकी वंशज जो छन त्यहीं ती निष्क्रियै भैसके ।
जानेले पनि वंशको स्मरण ता चटक्कै विर्सी सके ॥
॥१६॥
मातृभूमि प्रति ता प्रेम दिनदिनै विलीन वन्दै गयो ।
आडम्वर र देखावटी चलनको प्रभाव बढदै गयो ॥
गर्ने धर्म र कर्मको सवै विधि यसै प्राय ! लोपजस्तो भै गयो ।
अन्याय र अधर्म त वादल वनी यो क्षेत्र नै ढाकियो ॥
॥१७॥
जो वातावरणै त आज यसको सार्‍है नराम्रो भयो ।
जो हो संस्कृति र प्रकृतिको छवि सबै उराठ लाग्दो बन्यो ॥
सत्यै नाश भई असत्य पनको विकास बढदै गयो ।
जस्ले यस स्थलको विकार थपियो वाधा त बढदै गयो ॥
॥१८॥
जाग जाग दुम्जाली हो कुशेश्वरको विकासमा ।
लाग लाग सनातन धर्मी यस क्षेत्रको उत्थानमा ॥
ऐतिहासिक स्थल हो अघि देखि हाम्रो ।
लगनशील होउ अव विकास यसको गर्न राम्रो ॥
॥१९॥

राम्रो विकास गराउने अध्यात्मिक भावै हो ।
देश पतन गराउने अनैतिक कार्यै हो ॥
कुशेश्वर क्षेत्र दुम्जा सृष्टिको मुहान हो ।
आदिलिङ्ग कुशेश्वर शिवको प्रकाश हो ॥
॥२०॥

हुन्छ विकास नेपालको कुशेश्वर देवदृष्टिले ।
हुन्छ विकास सत्यताको दुर्गाजीको त प्रेमले ॥
हुन्छ आसुरी मतको वृद्धि समयका प्रभावले ।
हुन्छ राष्ट्र सुख संमृद्धि ईश्वरका निगाहले ॥
॥२१॥

भएमा भक्ति शिवको, विकास हुन्छ नेपालको ।
भएमा भक्ति देशको, विकास हुन्छ राष्ट्रियताको ॥
भएमा भक्ति राजाको, विकास हुन्छ राष्ट्र प्रेमको ।
भएमा भक्ति आत्माको, विकास हुन्छ सत्यताको ॥
॥२२॥

हो कर्तव्य हाम्रो,
राष्ट्र निर्माण गराउनु ।
हो नैतिकता हाम्रो,
अध्यात्मिकता जगाउनु ॥
सेवाभाव हो हाम्रो,
सत्यता नै वढाउनु ।
अध्यात्मिकता हो हाम्रो,
सत्यम् शिवम् सुन्दरम् बनाउनु ॥

प्रजातान्त्रिक सन्देश

प्रजातान्त्रिक शासन जवसम्म अडछ ।
अध्यात्मिक भाव सबमा जबसम्म टिक्छ ॥
प्रजातान्त्रिक शासन जब नाश हुन्छ ।
अध्यात्मिक पनको जब ह्रास हुन्छ ॥
॥१॥
मानवीय भावको जव ह्रास हुन्छ ।
मानवाधिकार अनि कहाँ पो रहन्छ ॥
वरिपरि वातावरण जब दूषित हुन्छ ।
उरन्ठ्याउलो पनाको त विकास हुन्छ ॥
॥२॥
छ न त संसार छ परिवर्तनशील ।
उरन्ठयाउलो शासनको को ती पर्छन फेला ॥
त्यतिखेर फर्केलाकि वुद्धि होश पाई ।
नत्र भने त्यस्ताको के पो होला भलो ॥
॥३॥
अन्यायले जुरमुराउँछन रगत वगाउन ।
तयार हुन्छन जनता शासनै वदल्न ॥
परिवर्तन फेरि हुन जान्छ देशमा ।
तवमात्र राम्रो शासन आउनेछ देशमा ॥
॥४॥
अध्यात्मिक भावको विकास हुनेछ ।
अधर्म र अन्यायको कुहिरो फाटनेछ ॥
अनि पो त मेलमिलाप शान्ति आउला सवमा ।
हाँसीखुशी मिलीजुली वस्न पाउने युगमा ॥
॥५॥

स्व.पं. गोविन्द प्रसाद दाहालको संक्षिप्त परिचय

भांका, भूल, दया, क्षमा र ममता सतोष जान्दैन त्यो,
आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।

साँच्चै नै कति निष्ठुर छ त्यो काल, न राजा न रंक न धनी भन्छ न त गरीब, न त धर्मात्मा नै भन्छ न त पापी । आहा ! कवि शिरोमणि लेखनाथ पौड्यालज्यूको यो कालमहिमा कति यथार्थ छ । त्यही काल हो जसले आदरणीय पं. गोविन्दप्रसाद दाहालज्यूलाई पनि टप्प टिपेर लग्यो, भाका दिएन, दया र ममता देखाएन, क्षमा दिएन । अन्तत जनकपुर अञ्चल सिन्धुली जिल्ला दुम्जामा वि.सं.१९७७ मा जन्मनुभएका पं. गोविन्दप्रसाद दाहालज्यू पनि आफ्नो ७२ वर्षको जीवनयात्रा समाप्त गरी वि.सं. २०४९ मा हामीलाई टुहुरो भैं पारी आफ्नो भौतिक शरीर त्यागेर परमात्मामा लीन हुन पुग्नुभयो ।

आफ्नो जीवनको अन्तिम घडीसम्म पनि अध्यात्मिक सन्देश दिइरहन रुचि राख्नुहुने आदरणीय व्यक्तित्वको भौतिक शरीर हामीबीच नभए पनि उहाँले हामीलाई दिनुभएको अध्यात्मिक/नैतिक सन्देशहरुले भने हाम्रो मन मस्तिष्कलाई घचघच्याइरहेको हुन्छ । लाग्छ उहाँ माथि धेरै माथि पुगेर परमात्मामा लीन हुनुभयो होला । सायद स्वर्गको आँखीभ्र्यालबाट यो संसारलाई चियाइरहनुभएको होला, मातृभूमि दुम्जा अनि आराध्यदेव श्री कुशेश्वर नाथको बारेमा सोचिरहनुहुँदो हो भन्ने लाग्छ ।

अति सरल, सदाचारी, निष्कपट व्यक्तित्व दाहालज्यूले आफ्नो जीवनको अन्तिम घडीसम्म पनि अध्यात्मिक चेतना फैलाउने कार्यमा आफूलाई समर्पित नै गरिरहनुभयो । सादा जीवन उच्च विचारका अनुयायी उहाँ सदा सर्वदा श्री कुशेश्वरको विकास संरक्षण र सम्बर्द्धनका लागि अति चिन्तित भएर प्रयत्नशील रहनुभएको थियो ।

त्यस्तै रुपले उहाँ एक अध्ययनशील व्यक्तित्व पनि हुनुहुन्थ्यो। उहाँले भागवत गीताको गहन अध्ययन गर्नुभयो। गीताका हरेक श्लोकको सरल र सरस ढंगले व्याख्या गर्नमा पनि उहाँ त्यति नै निपुण मानिनुहुन्थ्यो। भागवत गीता तथा पुराणहरु वाचनमा पनि तत्कालीन समयमा अति प्रसिद्ध हुनुहुन्थ्यो। त्यति मात्र नभएर छन्दोबद्ध कविता लेखनमा पनि उहाँ सिद्धहस्त नै हुनुहुन्थ्यो। आज उहाँका ती लेखहरु कति सुरक्षित छन् वा छैनन् खोजकै विषय रहेको छ।

उहाँका बारेमा जे-जति लेखे पनि अधुरो नै हुन्छ। समयको विडम्बना नै भन्नुपर्ला आजको जनमानसको अध्यात्मिक भावप्रति अत्यन्त कमैमात्रामा झुकाव रहेको देखिएको छ। बौद्धिक प्रतिभाका धनी दाहालज्यूलाई पनि समयको कुचक्रले ओझेलमा पारिदियो।

उहाँका सम्पर्कमा रहँदा मैले पनि उहाँद्वारा रचित "श्री कुशेश्वर तीर्थको वर्तमान अवस्था" र "दुम्जा तीर्थ" शीर्षकको दुईवटा कविता पाएको थिएँ। सरल, सरस भाषामा रचित लयबद्ध तथा छन्दोबद्ध गरी लेखिएका ती कविताहरुमा त्यस स्थानको विकृति र विसंगतिप्रति व्यङ्ग्य प्रहार गरिएको छ भने त्यसको महत्व र त्यस स्थानको भौगोलिक तथा सामाजिक स्थिति बारे पनि राम्ररी प्रकाश पारिएको छ। स्व. दाहालज्यूको यी दुई कविताहरु मैले आफ्नो यो पुस्तकमा समावेश गर्न पाउँदा मलाई अति खुशी लागेको छ।

अन्त्यमा सनातनप्रेमी स्व. पं. गोविन्दप्रसाद दाहालज्यूको यी कविताहरुले निश्चय नै जनमानसमा अध्यात्मिक भावको संचार गर्न मद्दत पुऱ्याउने छ र नयाँ युगलाई चेतना दिनेछ भन्ने सम्झन्छु। आज अध्यत्मिक भाव ह्रास भइरहेको बेला यसले एउटा क्रान्तिकारी कदम ल्याइदिनेछ र अध्यात्मिक जगतमा एउटा सुनौलो बिहानीको आगमन हुनेछ भन्ने आशा राख्दै दिवंगत आत्माको चिरशान्तिको लागि हार्दिक शब्द श्रद्धाञ्जली अर्पण गर्दछु।

कुशेश्वर तीर्थको वर्तमान अवस्था

-स्व. पं. गोविन्द प्रसाद दाहाल

प्रभो स्वामी प्यारा नभई नहुने सृष्टि क्रममा ।
सबै प्राणी मध्ये घटघट बसी प्राण सवमा ॥
दिने तातो वैश्वानर चहक चैतन्य तनमा ।
उनै द्रष्टा ज्ञाता शिवकन नजानेर भवमा ॥
॥१॥

दिने हावापानी वसन धनले रक्षण गरी ।
दिने प्रज्ञा भन्दै प्रतिक्षण सुवाटो हिंड भनी ॥
दिने अर्ती लठ्ठी शिव शिव प्रभो रत्ति नवुझी ।
अहो छैनन द्यौता अवुझ लठुवा भन्छ नगनी ॥
॥२॥

म मेरो भन्छन् ती तन र धन नै मुख्य वटुली ।
कमाइ सम्पत्ति प्रतिक्षण खुसाउन तर पनि ॥
म खाऊँ म लाऊँ अरु सब सढून दुर्वल उता ।
भए खाली पैसा प्रभु प्रति कतै छैन ममता ॥
॥३॥

असन्तोषी कोलाहल जन जलेक्रोध मदले ।
विलाए धर्मात्मा शिव पितृ पुनर्जन्म वलले ॥
भए ठूला जोड़ धन तन सिंगारे सुजनको ।
भयो इज्जत ठूलो वचन रचना विज्ञ भइयो ॥
॥४॥

असत दोषी काँडो सडिगलि हटोस विश्वजनमा ।
अहिंसा सन्यायै प्रिय भइरहोस सभ्य जनमा ॥
यही इच्छा पूरा सफल गरने निश्चय गरी ।
चलाएछन पूजा हवन पुरुखाले अघिअघी ॥
॥५॥

उमा भन्छिन शम्भो सतल पाटी छ विकल ।
ढल्यो पाटी राम्रो वर पिपल गाछी तल-तल ॥
लुटे झांगाझोली गुठसुठ सबै दुष्टहरुले ।
बगैचाको शोभा पनि लुटे तिनै मूर्खहरुले ॥
॥६॥
चढाएका भुषा छरवर भए लुब्ध जनमा ।
प्रभुको ऐले ता शिर उपर छैनन् ति गहना ॥
लगे डाँका मारी शिव शिव सबै वर्तन लुटे ।
फिका भै गाछीमा फूल र वचरा मात्र भरिए ॥
॥७॥
वगायो रोसीले खलवल चल्यो खेत नहुँदा ।
बसैं सबै भागे रहन नहुने भै ती जनता ॥
खले पाथी छुट्यो भगत जनको वास नहुँदा ।
छुट्यो यसमा पूजा हुन पनि अहो वस्तु नहुँदा ॥
॥८॥
टुट्यो दुम्जालीको बसन दुमजा भोग सकियो ।
बसैं जान्छन बाँकी जन पनि अकेला हुन गए ॥
तागाधारी जाँदा हरिजन त बाँकी रहन भै ढलीमली ।
पछाडी यो जाला स्थिर जग नभै मन्दिर ढली ॥
॥९॥
म ता जान्छु शम्भो ! पितृ गृह छ माथि शिखरमा ।
तपाईं दुम्जामा रहर छ भने वस्न खुशी भै ॥
छ यो कोशी रोशी अमल जलले पावन स्थल ।
व्यवस्था सुध्रेमा पछि पनि म आउँछु सरर ।
॥१०॥

दुम्जा तीर्थ

-स्व. पं. गोविन्द प्रसाद दाहाल

हिमवतखण्ड निर्दिष्ट दुम्जा गाउँ छ सुन्दर ।
सिन्धुली यसको जिल्ला मिथिला धाम अञ्चल ॥
विश्वामित्र छ एक नाम अर्को कुशिक नन्दन ।
तपस्या यिनले गर्दा कौशिकी नाम भो सुन ॥
॥१॥

लीलावती तथा रोसी पुण्यमातादि नामले ।
तिनौटै साथमा मिल्दा त्रिवेणी नाम भो सुन ॥
उत्तरीतट कोशीको विश्वामित्र गुफा हुँदा ।
दक्षिणीतट भो दुर्गा प्रयाग नामले छुँदा ॥
॥२॥

रोसी कोशी त्रिवेणीमा आदिलिङ्ग कुशेश्वर ।
दुर्गा तीर्थ लिई बस्छन् पाप हर्ता महेश्वर ॥
चापाडी उत्तरी भाग दुम्जा दक्षिणा उच्च छ ।
झुकेर बस्छ तिमाल त्रिकुटाचल दृष्य छ ॥
॥३॥

दुम्जा तिमाल फोरेर रोसी उत्तर बग्दछ ।
मुक्पा चापाडी फोरेर कोशी पूर्वमा बढदछ ॥
पानी माटो थपी रोसी उर्वरा खेत पार्दछ ।
हिमको जलले कोशी स्नान पान मिलाउँछ ।
॥४॥

दुर्गाघाट त्रिवेणीले पाप साफ गराउँछ ।
निष्पापी जनले मात्र शैवी कल्याण पाउँछ ॥
अनेक भावना भान हुन्छ मानवमा तर ।
नाङ्गलामा राख केलाऊ दुई भाग वरावर ॥
॥५॥
सकाम भावना तुच्छ उच्च निष्काम भावना ।
देख्नेछौ साथमा हेर तेश्रो भाव अभावमा ॥
भौतिकी लाभमा तुष्ट हुने सकाम भावना ।
अत्ध्यात्म लाभमा हुन्छ उच्च निष्काम भावना ॥
॥६॥
भौतिकी लाभले हुन्छ मोटो भाव निरन्तर ।
आत्मवोध भए न्याय बढछ देखिन्छ ईश्वर ॥
काम न्याय दुबै मोटा भए बाँच्छ वरावर ।
व्यवहार सदाचार रामराज्य मनोहर ॥
॥७॥
निष्काम भाव अर्को नाम हो श्री कुशेश्वर ।
निष्पाप धर्मको देश राज्य गर्छ सदा शिव ॥
रोसी कोशी त्रिवेणीको स्नानले पाप भाग्छ रे ।
कुशेश्वर महादेव दिन्छन् निष्चय पुण्य रे ॥
॥८॥
निष्काम कर्मले नेता, देशको बन्छ निश्चय ।
फलाशा स्वार्थ त्यागेर, निष्काम कर्म नै गर ॥
निष्काम कर्म शिव हो, शिव निष्काम कर्म हो ।
कुशेश्वर भजे नित्य, सुख पाइन्छ वावु हो ॥
॥९॥

पुण्यमाता तथा कोशी विश्वामित्र कुशेश्वर ।
दुर्गाघाट त्रिवेणीले दिन्छन सुख सँधै भज ॥
कुशेश्वर हुँदा दुम्जा मान्य भो सुप्रतिष्ठित ।
भयो सन्त महात्माले तीर्थस्थल सुमंगल ॥
॥१०॥
वावा त्रिदण्डीले राखे झाँगाझोली भनी गुठ ।
पूजा नित्य चलाएछन् बनाई शिवको मठ ॥
स्वामी गोपाल दासैले जीर्णोदार गरे पछि ।
यज्ञशाला तथा पाटी फूलवारी रचे सबै ॥
॥११॥
स्थायित्व यसको गर्ने इच्छा राखी निरन्तर ।
शिव नाम दिई राखे खेत पनि वरपर ॥
यसले भातृभू दुम्जा ख्यातिमा लम्कियो अति ।
तर नर कुकर्मीले वगैंचाको गरे खति ॥
॥१२॥
आठौं शताब्दी संवतमा मितिकै दिन त्यो थियो ।
राजा भक्तपुरे गर्थे दुम्जाको राज्य चालन ॥
राजारानी मिली राखे वसाह शिवको वृष ।
खम्बा खोपी शीला राखे मल्लले सुप्रतिष्ठिंत ॥
॥१३॥
आदिलिङ्ग महादेव कुशेश्वर सदा शिव ।
पुजे दुम्जाली साराले मिलेर वन्धु वान्धव ॥
घमण्डी क्रोधी अन्यायी घोचे न्याय लिनेहरु ।
शिवको गर्दछन् हेला जान्छन् नर्क खुरुखुरु ॥
॥१४॥

पं. बासुदेव खतिवडाको संक्षिप्त परिचय

वि. सं. १९८२ आषाढ शुक्ल एकादशीका दिन सिन्धुली, दुम्जामा जन्मनु भएका श्री वासुदेव खतिवडा सरल जीवन यापन गर्दै अध्यात्मिक चिन्तनमा गहनता वोकेका व्यक्तित्व हुनुहुन्छ। व्यवहारिक जीवन यापन गरिरहनु भएर पनि पहिले देखि नै धार्मिक संस्कारमा हुर्किनु भएका खतिवडा सबै दुम्जालीहरुको आदरणीय व्यक्तित्व मानिनु हुन्छ। लोप हुँदै जान लागेको हाम्रो संस्कृतिको रक्षा कसरी गर्न सकिएला, श्री कुशेश्वर क्षेत्रको विकास कसरी हुन सक्ला भन्ने चिन्तनमा डुवीरहने खतिवडाज्यूको सहयोग सदभाव अविस्मरणीय छ।

प्रस्तुत दुम्जास्थित "**श्री कुशेश्वर महात्म्यका साथै स्वर्गीय स्वामीजीको वारे केही परिचय**" शीर्षकको ६६ श्लोकी कविता यस पुस्तकमा समावेश गर्ने अनुमति पाएर खतिवडाज्यूप्रति आफू अत्यन्त आभारी छु। वौद्धिकताले पूर्ण रुपमा खारिएको मर्मस्पर्शी, सरल, सरस भाषामा रचित यो कविताले सज्जन वृन्दमा श्री कुशेश्वरको महात्म्य र स्व. स्वामी गोपालदास महन्तको वारे पूर्ण जानकारी हुनेछ भन्ने विश्वास लिएको छु।

यस कुशेश्वर क्षेत्रलाई अहिलेको अवस्थामा ल्याईपुऱ्याउनु हुने स्व. स्वामी गोपालदास बाबाको र यस कुशेश्वर क्षेत्रको बारेमा विशद् रुपले चर्चा गरिएको यस कविता साँच्चै नै मनमोहक छ। आजको भौतिक भोग बिलासमा चुर्लुम्म डुब्न पुगेका वास्तविक संसार पत्ता लगाउन नसक्नेहरुलाई यसले अवश्य नै ज्ञानको आलोक प्रदान गर्नेछ।

यही आध्यात्मिक चर्चा परिचर्चा गर्ने क्रममा यो टिप्पणीकारले खतिवडाज्यूको निवासमा पुगी धेरै ज्ञानगुनका कुराहरु जान्ने सौभाग्य पाएको छ। स्वच्छ हृदयका खतिवडाज्यूसँगको अध्यात्मिक यात्रा अत्यन्त रोचक छ। आफूलाई अध्यात्मिक क्षेत्रमा प्रवेश गर्न थप प्रेरणा दिने आदरणीय गुरुप्रति यो टिप्पणीकार अत्यन्तै कृतज्ञ छ। सामाजिक, धार्मिक क्रियाकलापहरुमा उहाँको सहयोग र सदभाव प्रति यस क्षेत्रका सबै कृतकृत छन्।

"दुम्जास्थित श्री कुशेश्वर महात्म्यका साथै स्वर्गीय गोपालदास स्वामी बारेको परिचय"

- पं. वासुदेव खतिवडा

नेपाल पश्चिम रम्य त्यो तनहुँमा थिए कुनै ब्राम्हण ।
गर्थे भानु गृहस्थीमा रत भई स्वधर्मको पालन ॥
उन्कै कुलमहाँ कुनै दिनपछि जन्मे असल बालक ।
दिन्दिन चन्द्रसरी बढे अवनीमा उनी भए लायक ॥

॥१॥

आठै वर्ष भए बटु घरमहाँ ब्रतबन्ध कर्मै भयो ।
गायत्री अधिकार प्राप्त हुनगै मनमा लहड यो भयो ॥
ब्रम्हैचर्य लिई हिडे बटु अनि तीर्थादि यात्रा गरी ।
चारैधाम घुमीसकी सम्झेर मनमा हरि ॥

॥२॥

भारत वर्षमहाँ जति पनि थिए तीर्थादि सेवा गरी ।
घुम्दै प्राप्त भए कुनै दिन बसे सुन्दर अयोध्या पुरी ॥
केही संस्कृत अध्ययन भइ त्यहीं सेवा गुरुको गरी ।
शिक्षा प्राप्त गरेर निकट समयमा कृपा गुरुको भई ॥

॥३॥

घुम्दै तीर्थहरु कुनै दिनपछि पुगे हरिद्वारमा ।
सज्जन वृन्दहरु थिए मुनिश्वरहरु ठूला ती संसारमा ॥
दर्शन झट्ट गरे गई नजीकमा हात जोडी बिन्ती गरे ।
आशीर्वाद लिई बटु खुशी भई केही पछाडि सरे ॥

॥४॥

केही दिन त्यहाँ बसी बटुजीले सेवा गुरुको गरे ।
आफ्नो जीवन लक्ष्य त्यो जति थियो विस्तार गुरुमा कहे ॥
मोक्षैको मनसुव वुझेर गुरुले योगका विधानले गरी ।
शिखासूत्र टुटाई लौ दिनु भो 'गोपालदास' नाम धरी ॥
॥५॥
सन्यास दीक्षा लिई गुरुजीका पाउमा नमस्कार गरी ।
विदा प्राप्त गरी अनि उनी हिंडे माला विभूति धरी ॥
ठूला मोठ अनि पीठहरु जति छन् सम्पूर्ण एक एक गरी ।
गङ्गासागर स्नान आदि गरदै उत्रे मिथिला पुरी ॥
॥६॥
दर्शन जानकीको गरी वरिपरि यात्रा सकी धामको ।
ब्राह्मक्षेत्र भएर रामधुनिमा पुगी विभूति धरी ॥
केही दिन त्यहीं बसी अनि चढे पहाड क्षेत्रादिमा ।
हलेसी शिवको त मन्दिर पुगी प्रसाद धरी माथमा ॥
॥७॥
पश्चिम मार्ग गरी सुवर्ण तटको लिंदै निशाना अनि ।
केही दिनपछि त प्राप्त नै हुनुभो दुम्जा विसीमा पनि ॥
पैल्हे स्नान गरेर कौशिकी महाँ दर्शन कुशेश्वरजीको ।
गर्नुभो अनि सोध्नु भयो जनप्रति स्थिति सबै मोठको ॥
॥८॥
पैल्हो आश्रम यो रहेछ मुनिको जो नेमुनि भन्दथे, यै भूमि महाँ ।
आदिलिङ्ग कुशेश्वर स्थित भई प्रकट हुनुभो जहाँ ।
विश्वामित्रको तपोवन थियो गङ्गा किनारै महाँ,
पैल्हे शुम्भ निशुम्भ वीरहरुले गरे तपस्या यहाँ ॥
॥९॥

मार्कण्डेय थिए ऋषि यहीं श्री कौशिकी स्नान गरी ।
आफ्ना पितृ सवै त तारनु भयो, श्री तीर्थ श्राद्धै गरी ॥
दर्शन गर्नु भो अनि शिवजीको पूजा विधानले गरी ।
हिंड्नु भो ऋषिजी चिरञ्जिवी भई श्राद्धादि यज्ञै गरी ॥
॥१०॥
शंकर सानिध्यमा त कौशिक ऋषि लिङ्गादि रुपमा रही ।
गर्नु हुन्छ समस्तको हित पनि शंकर समीपमा गई ॥
भन्ने यी इतिहासका कथन छन् उल्लेख पुराणादिमा ।
देखिने शिवको माहात्म्य गहिरो श्री कौशिक स्नानमा ॥
॥११॥
विश्वामित्र गुफा प्रसिद्ध छ त्यहीं गङ्गाजीकै तीरमा ।
वेतवल्लीहरु फैलिईनदीमहाँ फूल वादिएको जहाँ ।
कुष्मा पर्वतको पवित्र तटमा देखिन्छ राम्रो गुफा ।
विश्वामित्रजीको तपोवन थियो श्री कौशिकीमा जहाँ ॥
॥१२॥
शंकर निकटै त्यही परिधिमा गुप्त गङ्गाजी छन् ।
गज्जुलीदह नामको तट त्यहीं नागराजहरु बस्दछन् ।
सोही सन्निधि अदृष्य रुपले ब्रम्हाजी बस्ने हुँदा ।
ब्राम्हायान प्रसिद्ध त्यो हुनगो ब्रम्हाजीको नाम लिंदा ॥
॥१३॥
पेटारो कृतिको भयंकर ठूलो शिला छ त्यसै क्षेत्रमा ।
सारङ्गार गहना ती नागहरुमा राख्थे त्यसै भित्रमा ॥
भन्ने युक्ति हुँदा त ख्याति हुनगो पेटारे ढुङ्गो भनी ।
ऐल्हेसम्म अटल छ मार्ग विचमा देखिन्छ ढुङ्गा पनि ॥
॥१४॥

एकसौ वर्ष अगाडि ग्रिष्म ऋतुमा एक योगीजी प्राप्त भै ।
गर्मीको समयै हुँदा अनवरत गङ्गाजीको जल पिई ॥
दर्शन गर्नु भएछ शंकरजीको प्रदक्षिण गरी ।
वस्नु त्याहिं भएछ सतलमहाँ देख्दा त सिद्धै सरी ॥
॥१५॥
यो फाँटमा कृषक सबै जाउ शिविर फेदीमा ।
रात्री बीच अवश्य नै बुझिलिनू आउनेछ खोलो यहाँ ॥
भोलि जान्छु म पारी यो परिधिमा जलै नटेकीकन ।
चढदै जान्छु शिखरमा म ता पशुपति तर्फै छ मेरो मन ॥
॥१६॥
यस्तो वाणी सुनेर सिद्ध मुनिको आश्चर्यै मानीकन ।
शिखर फेदी पुगी सबै बसिगए फाँटमा भएका जन ॥
रातमा मेघ उठी मयङ्कर ठूलो पानी परयो क्षेत्रमा ।
विहानीपख हेरदो निकटमा आएछ खोलो त्यहाँ ॥
॥१७॥
भन्ने यो इतिहास ओरिपरिका भन्थे ती वृद्धै जन ।
फेरि भेट भएन सिद्धमुनिको थियो तपस्यै धन ॥
यस्ता सिद्धहरु पनि समयमा आउँथे यस क्षेत्रमा ।
दुम्जा बेसी महान समरु जनको घुम्थे सँधै नेत्रमा ॥
॥१८॥
आर्यावर्त बीचै पवित्र स्थलमा हिमालको काख यो ।
उस्माथि पनि झन प्रसिद्ध गनिने दुम्जा विसी हो जहाँ ॥
पैल्हा नेमुनिको सुदृष्टि यहीं भो यात्रादि गर्दै अनि ।
ज्योर्तिलिङ्ग प्रकट गराउनुभो नेपाल निर्माण पनि ॥
॥१९॥

हिमालबाट झरेर कौशिकी वगीन आइन यसै स्थानमा ।
महाभारत फेदीबाट वहने रोसी यसै स्थानमा ॥
दुर्गातीर्थ भनेर नाम पनि रह्यो यो पुण्यको क्षेत्र हो ।
त्यस्कै पारि निकट प्रकट हुनु भो शंकर धरातलमहाँ ॥
॥२०॥

पैल्हे शुम्भ निशुम्भको वध भयो दुर्गाजिमा स्नान गरी ।
कालिञ्चोक पुगी अलप हुनुभो सम्पूर्णको दुःख हरी ॥
विश्वामित्रजीले ठूलो तप गरी ब्रम्हत्व प्राप्तै गरे ।
रोगी ती विरुपाक्ष पनि यसै स्थानबाट सुन्दर वने ॥
॥२१॥

सातौं जन्म हुँदा पनि नतरने व्याधा थियो एक कुनै ।
घुम्दै जङ्गलमा कुकर्म गरदै आईपुग्यो यहीं नै ॥
भोकले व्याकुल भै यताउति घुमी हेरेछ खानेकुरा ।
पूजाको समयै हुँदा शिवजीको नैवेद्य देख्यो पुरा ॥
॥२२॥

चोर्ने दाउ गरी हवास हुन गो चिप्लेर लड्दा महाँ ।
शिलै स्पर्श भएर शंकरजीमा मुक्ति भएको यहाँ ॥
भन्ने आदि कथाहरु समस्त शंकरजीको माहात्म्य विस्तार गरी ।
लेखेको छ समस्त शंकरजीको माहात्म्य धेरै धरी ॥
॥२३॥

ठूलो जङ्गल रेछ शंकरजीको यस स्थानमा उस घरी ।
कैली गाई गएर शिरमा दूध धारा वहाईवरि ॥
गर्थिन सेवन जे जति पनि प्राचीनमा त्यहाँ ।
सत्यै ती हुनुपर्दछ देवस्थलको आश्चार्य केही नभै ॥
॥२४॥

हिमवतखण्डमहाँ माहात्म्य छ सबै शंकरजीका स्थानको ।
कस्को भक्त होवैन तीर्थस्थलमा मनुष्यको गानको ॥
दुर्गातीर्थ भनेर नामकन रह्‍यो दुर्गाजिको स्थान हुँदा ।
निर्मल देह हुने मनुष्यहरुको दुर्गाजिमा स्नान हुँदा ॥
॥२५॥
विश्वामित्रको गुफा पनि छ एक गङ्गाजीको तीरमा ।
कुष्मा पर्वत नाम रेछ उसको सुन्दर त्यो शिर महाँ ॥
वृक्षादिहरुले शुशोभित अति राम्रो छ आश्रम त्यहाँ ।
पैल्हे शुम्भ निशुम्भ वीरहरुको निधन भएथ्यो जहाँ ॥
॥२६॥
खाँडादेवी प्रसिद्ध पीठ छ त्यहीं प्रत्यक्ष दुर्गाजीको ।
हातको खड्ग त्यही त्यजी जननीले भूभारहरी पृथ्वीको ।
कालिञ्चोक पुगी अदृष्य रुपले वस्नु भएथ्यो अनि ।
कथन तथ्य कथा छ विस्तृत निकै पुराणमा पनि ॥
॥२७॥
मेला लाग्छ ठूलो चर्तुदशीमहाँ यात्री सबै आउँदछन् ।
बत्ती वाली प्रकाश पारी निशिमा नाचगान भजन गर्दछन् ॥
भोलिपल्ट गई नदीतटमहाँ वत्ती वगाइकन ।
नुहाई नदीमा अनि वरिपरि सदमीहरु छर्दछन् ॥
॥२८॥
दण्डी स्वामीले गरेर दरशन प्रत्यक्ष नै ईशको ।
राजा श्री जगमल्लका समयमा जाहेर्गरी त्यो कुरो ॥
झाँगाझोली छ फाँट कोश भरमा सिम्लेख नामांकित ।
पाँचसौ साठी मुरी गुठी त्यहीं रह्‍यो देखिन्छ पत्राङ्कित ॥
॥२९॥

शिलापत्र र ताम्रपत्रहरुमा स्थायी निशाना गरी ।
पूजा नित्य चल्यो अखण्ड रुपले कीर्ति सदा कालभरी ॥
गुठीयार पनि खडा गरी कुनै चेलो बनाईकन ।
जिम्मा दिई उसकै स्वयं हिडनु भो थियो तपस्याधन ॥
॥३०॥
वैसठ्ठी (१९६२) तिरमा त क्यै हरण भो पैल्हे रहेको गुठी ।
बाँकीमा क्रमले महन्तहरुले बौध्दै गए झन मुठी ॥
देख हेर कति भएन देव मठमा बन्दै गयो दु:स्थिति ।
जो छन साधु सन्त औ अतिथिमा दुर्लभ हुँदै गो मुठी ॥
॥३१॥
आदिलिङ्ग कुशेश्वरै शिवजी हुन आफैं स्वयं शंकर ।
पूजा त्यो उनको सुचारु हुनगो बढ्दै गयो मंगल ।
नब्बे (१९९०) साल भूकम्पमा टुटफुट हुन गयो केही मन्दिर ।
गिर्दाहिरु पनि सबै ढलि गए वनाउने को छ र ॥
॥३२॥
एक कोश पूर्व गुठी छ शंकरजीको वस्छन गुठीयार उहीं ।
देखहेर कति भएन देव मठको के हुन्छ निर्माण अनि ॥
काग कुत्ताहरु पुग्दछन निकटमा बन्देज केही नभै ।
यस्तो हालतको मठ भयो मठ त लौ हजुरको सबै ॥
॥३३॥
दुम्जा ग्राम निवासि वृद्ध जनको बुझी मनोभावना ।
जीर्णोद्धार कसोरि गर्नु अव यो भन्ने लिई भावना ॥
निकट ग्राम निवासी मान्यजनको भेला गराईकन ।
भन्नु भो श्रमदान केहि दिनुहोस श्रद्धा भएका जन ॥
॥३४॥

सज्जन वृन्द समक्ष अर्जी गरियो चन्दा वटुलीकन ।
निर्माण गर्नु भो नवीन रुपको मन्दिर दरीलो भन ॥
उन्नाइस औं र छयानब्वे साल फाल्गुन मैन्हा २१ महाँ ।
मन्दिरको जग राखी सिद्ध पनि भो ५ मासका वीचमा ॥
॥३५॥
अर्को वर्षमहाँ सुचारु रुपले सुवर्ण पालिस धरी ।
भोर्ज्याङ्ग निवासी वद्री द्विजले गजुर समर्पण गरी ॥
भव्यै साथ गरेर पूजन यता प्रसाद शिरमा धरी ।
विदावादि भई सव घर फिरे हातले नमस्कार गरी ॥
॥३६॥
मन्दिरको परिसर जति पनि थिए सतल पाटीहरु ।
जीर्णोद्धार भई नवीन रुपले सुन्दर भए सब अरु ॥
गुठीको पनि क्यै सुधार हुनगयो उन्कै प्रयासले गरी ।
आयुर्वेद विशेषको पनि रह्यो भैषज्यको आलय ॥
॥३७॥
पूजा चल्न गयो सुचारु रुपले झलमल भए मन्दिर ।
सब सामान थिए थिएन कउनै कम्ती हुने क्वै कुरा ॥
पूजाका सरजाम वर्तनहरु टल्टल गरी टल्कने ।
शंकरमा उपहार विद्युत सरी झल्मल भई झल्कने ॥
॥३८॥
सायं प्रात पूजा हुँदा समयमा बज्छन ती बाजाहरु ।
घण्टादिहरु छन् निकटमा छन् देव मूर्ति अरु ॥
सबको पूजन हुन्छ भक्ति रसले शंकरजीको स्थानमा ।
कस्को मन त हुँदैन पर्व दिनमा त्यस स्थानमा जानमा ॥
॥३९॥

गोशालावीच गाई छन हरवखत ती घाँसमा चर्दछन् ।
पूजामा खालि नपारि सबदिन ती दूध दही भर्दछन् ॥
फलफुल छन लटरम्म वागभरमा अम्बा र मेवाहरु ।
उडछन् भँ भँ गरी भ्रमर अनि चरा सुगन्धि फूल छन अरु ॥
॥४०॥

गाछी छन वटवृक्ष पिप्पलहरु मन्दिर नजिक नै कति ।
कैलाश मूर्ति विशाल सुन्दर बनौट भैरव भयंकर पनि ॥
उत्तरतर्फ सुसाउने अविरलै ती सुवर्ण गङ्गा पनि ।
स्नान सन्ध्याहरु गर्दछन सुजनले दुर्गाजी घाटमा अनि ॥
॥४१॥

मन्दिरको नजिकै विचित्र रुपको एक यज्ञशाला पनि ।
निर्माण गर्नुभयो धुनी सहितको त्यो यज्ञ मण्डप भनी ॥
सो यज्ञमहाँ पवित्र अति नै ती वेद मन्त्रै पढी ।
गर्छन नित्य हवन द्विजातिहरुले खुप उच्चस्वरले गरी ॥
॥४२॥

योगीहरु धुनी वरिपरि चर्मादि आसन गरी ।
वस्छन नित्य विभूति लेपन गरी शंकरजीको ध्यान धरी ॥
गर्छन पण्डितहरुले समयमा पुराण वाचन वरु ।
सुन्छन यात्रीहरु पनि समयदी त्यस्तै फिरन्ता अरु ॥
॥४३॥

यस्तै नै रितले हजार दुईमा श्रीरुद्र यज्ञै भयो ।
प्रारम्भै गरी साङ्गेता हुनगयो हाता दुईमा गनी ॥
शोभा मण्डपको विचित्र रुपको वर्णन कसोरी गरौं ।
दर्शन मात्र गरेर पुण्य मिलने सबताप मनैको हरौं ॥
॥४४॥

भागी हुने ति सज्जनहरु सम्पूर्ण जम्मा भए ।
भई चल्ने यज्ञै भरी त जो जति थिए सम्पूर्ण त्याँही रहे ॥
योगीको समुदाय नै यसवखत भेला भएको थियो ।
ठूलो यज्ञ बुझ्रेर त्यसवखतमा आसन सबैले लिए ॥
॥४५॥
सुन्दर वस्त्र समस्त अङ्गभरमा पैन्हेर व्राम्हणहरु ।
यज्ञै मण्डपमा वरिपरि वसी धान्यादि मिश्रित चरु ॥
गर्थे यज्ञमहाँ हवन नियमले वेदोक्त मन्त्रै पढी ।
झर्थे झर्झरी यज्ञ बीचमा घिउका धाराहरु नै बढी ॥
॥४६॥
धेरै ब्राम्हणहरु यज्ञ खातिर त्यहाँ वरण भएका थिए ।
कार्यारम्भ हुँदा ती ब्राम्हणहरु सम्पूर्णले भाग लिए ॥
विद्वान पण्डितहरु शोभित भई भन्थे पुराणै पनि ।
श्रोता जनहरुको भयो अति ठूलो भीडभाड चल्यो किर्तन पनि ॥
॥४७॥
पण्डितजीहरुका प्रमुख हुनुभो ठाकुर गुरुजी त्याहाँ ।
शिष्टाचार सवको यथोचित गरी बस्नु भएको वहाँ ॥
मङ्गल कार्य गरेर पूर्व दिनमा पत्रादि स्थापित गरी ।
श्री सूर्योदयदेखि सुन्दर छवि बढदै गयो त्यस धरी ॥
॥४८॥
तीर्थादि जलपूर्ण सुन्दर कलश छन् यज्ञ मण्डपमहाँ ।
पत्रादि मृदु पल्लवहरुले शोभित भएको त्यहाँ ॥
पूजाका सरजाम पात्रहरु छन नैवेद्य नानाथरी ।
वास्नादार फूल पुष्पहरुले शोभा छ मण्डप भरी ॥
॥४९॥

लाजा रोटी अविर पुष्परजले सुन्दर प्रकाश छाडने ।
सुन्दा पुण्य कथा पुराणहरुमा भक्ति बढी आउने ॥
यज्ञको पनि धूम फैलिन गई शीतल छहारी हुने ।
वायुवेग चली दिशा र विदिशा सुगन्ध धेरै दिने ॥
॥५०॥
वत्तीले झलमल्ल भई निशिमहाँ प्रकाश दिव्यै सरी ।
देखिन्थ्यो झकमक्क मण्डपमा सुन्दर सवै देखिने
हेर्दा मात्र पनि समस्त जनको भोकप्यास सबै मेटिने ।
त्यस्तो यज्ञ अरु सबै समयमा खोजी कहाँ भेटिने ॥
॥५१॥
खाद्यान्नहंरुले पूर्ण नै हुनगयो त्यो यज्ञ भण्डारमा ।
कम्ती केही रहेन चिजवीजको समपन्नताथ्यो त्यहाँ ॥
मिठा मिष्ठान्नैहरु बन्दथे दिनदिनै त्यो यज्ञ भण्डारमा ।
इच्छा भोजन गर्दथे जनहरु थियो सबै चीज त्यहाँ ॥
॥५२॥
यस्तै रितले त्यहाँ हुनगयो श्री रुद्र यज्ञै पनि ।
ब्राम्हणले अभिषेक मन्त्र पढदै गरे अभिषेक अनि ॥
रोमाञ्चित हुनगो समस्त जनमा आँसु नयनमा भरे ।
तिलक पाति प्रसाद ली घर फिरे प्रसन्न मनले गरी ॥
॥५३॥
योगीश्वरहरुको विदाइ हुनगो ब्राम्हणहरुको पनि ।
खाने चीज र केही वस्त्र मिलिगो बाचकहरुमा अनि ॥
आशीर्वा दिई ब्राम्हणहरु आफ्ना घरैमा गए ।
ताराका बीचमा चन्द्रमा सरि भै स्वामीजी मठैमा वसे ॥
॥५४॥

स्वच्छैले गरि प्राप्त साधुजनले यस्तो सुकर्मै गरी ।
सुधार गर्नुभो सबै वरिपरि साथमा कुनै चिज नभई ॥
जिर्णोद्धार समस्तको गरनु भो गरी यज्ञादि कर्मै पनि ।
सम्पन्नै पनि त्यो गराउनु भयो पूजादि कर्मैहरु ॥
॥५५॥
विशेष कार्यहरु वरावर गरी यै पुण्य क्षेत्रै महाँ ।
उज्वल पार्नुभयो सबै वरिपरि शंकरजीको स्थानमा ॥
यस्ता कर्मठ स्वामीको सुयश नै नसम्झने को छ र ।
साधु सन्त अतिथि र अरु आउने पनि पाउँथे ठूलो आदर ॥
॥५६॥
धन्यै साहस योगिको अति ठूलो प्रसाद कुशेश्वरजीको ।
सम्पन्नै पनि त्यो सव हुनगो प्रयास उनै योगिको ॥
आफै नै कति दिन चलाउनु भयो काम काज सर्व धर्ममोठको ।
शिष्य एक वनाई सुम्पनु भयो सव कार्यभार त्यहिंको ॥
॥५७॥
वृद्धै जीवन त्यो प्राप्त हुनगो वावा गोपालदासको ।
महन्त्याई समेत वनाइ सुम्पन्नु भइ शंकरजीको स्थानको ॥
नारायणको भनि दास ति हुन गए नवीन शिष्य त्यहाँ ।
योगयै ठानी पछि त सुम्पन्नु भयो मठको प्रवर्तक पनि ॥
॥५८॥
केही दिनपछि फेरि साल दुई औ अठारमा एक ठूलो ।
यज्ञारम्भ भयो छ मास अघि नै माघमा सकिने गरी ॥
साङ्गेको दुई दिन बाँकि रहँदा स्वामी गोपालदासको ।
देहान्तै हुनगयो समाधि लिनुभो संयोग अपूर्वै बन्यो ॥ *(२०१८ साल)*
॥५९॥

वावा स्वामीजीले समाधि लिनु भयो यै पुण्य क्षेत्र महाँ।
कीर्तिचाहिं अमर रह्यो जतिपनि निर्माण भएथ्यो त्यहाँ॥
सत्सठ्ठी बर्ष जतिको समयमा निधन भयो योगिको।
ब्रम्हालीन भई परंपद महाँ उहाँ त पुग्नु भयो॥

॥६०॥

यस्ता सज्जन साधुको दिनपुगी जानै त पर्ने अहो।
कालैको त केही विचारै नहुने सवमा वरावर छ जो॥
पाइ आश्रय विष्णुलोक बीच नै वस्ता हुनन् साथमा।
पिताम्वर पहिरेर त्यो मुकुटको शोभा मिली माथमा॥

॥६१॥

कैलाशको नजीकै समाधि छ जहाँ स्वामी गोपालदासको।
स्थापित गरी शिवको मूर्ति नै उपरमा पूजा हुने नाथको॥
भण्डारा हुन्छ प्रतिवर्ष मठमा स्वर्गीय स्वामिजिको।
चेला योग्य हुँदा चलेको छ सदा कार्यादि मठमूर्तिको॥

॥६२॥

शिष्यै स्वामीजीका सुयोग्य अति नै वस्छन मठैमा सदा।
गर्छन मर्मत देव मन्दिरहरु श्रद्धा र भक्ति हुँदा॥
अभ्यागत जति आउँछन जतिपनि तीर्थादि यात्रीहरु।
सत्कार ती सवको गरेर अनि पो गर्छन अरु कामहरु॥

॥६३॥

जिर्णोद्धार सकी यज्ञ शुरु गर्नुभो पूजादि कार्य पनि।
सज्जन वृन्द समक्ष प्रस्तुत गरे कीर्ति अमरहोस भनी॥
यस्तै कार्यहरु वरावर गरी यै पुण्यभूमि महाँ।
चेला स्वामीजीको पनि रहोस कीर्ति चिरायु यहाँ॥

॥६४॥

पैल्हे स्वामीजीले परिचय दिंदा भन्नु भएका कुरा।
त्यति मात्र परिचय दिएँ जान्दिन सव त्यो पूरा॥
महात्म्यै शिवको समर्पण गरें मैले सुनेको जति।
सच्याइ दिनुहोस त्रुटि सुजनले विन्ती म गर्छु यति॥

॥६५॥

भन्छन् अञ्चल ता जनकपुर भयो जिल्ला सिन्धुली भनी।
दुम्जा गाऊँ निवास जन्मभूमि हो दुम्जै गा.वि.स पनि॥
वासुदेव भनेर नाम पनि रह्यो थरचाहि खतिवडा।
आयाँ पात्र भएर मान्यनजको सत्र्कममा छु खडा॥

॥६६॥

"विनयानुरोध "

"ईशावस्य" भनेर भन्छ श्रुतिले, सारा जगतलाई यो ।
साँचो हो, तर गर्नु के ? भुलिदिंदा, कष्टै फगत पाइयो ॥
जारी, जाँड, जुवा र फोहोरी कुरा, गर्दा सबै भाँडियो ।
यस्ता यी बिटुला कुरा पसिदिंदा, धर्म सबै फाँडियो ॥

जीवन ब्रम्ह पनि फरक छ जबतक, अज्ञानको राज्य छ ।
ज्ञानाग्नी जब बल्छ त्यस बखतमा, जीव ब्रम्ह एकै त छ ॥
हाम्रो इज्जत धर्म संस्कृति सबै, विग्रियो यसै चालले ।
ब्रम्मज्ञान विचारमा मन दिए, छोला कहाँ कालले ॥

पुण्य तीर्थ कुन ? जन्मभूमि हो ।
स्नेह पात्र को ? देशवन्धु हुने ॥
के कुरो ठूलो ? धर्मै हो ठूलो ।
कर्म गर्नु कुन ? प्रेम सिंचने ॥

पृथ्वी लोकमा जन्म भो जहाँ ।
आफ्नो भन्नु त्यै जन्मभूमि हो ॥
जन्मभूमि नै पुण्य देश हो ।
जन्म भूमि नै तीर्थस्थान हो ॥
जन्म भूमि नै कर्मभूमि हो ।
जन्मभूमि नै मुक्तिक्षेत्र हो ॥
छ केही लौ बुता भने गराउ जागृति उन्नति ।
गफै गरेर मात्रता हुँदैन जाति उन्नति ॥

नेपाल हाम्रो बुझ मानदा हो ।
नेपाल हाम्रो बुझ ज्ञानदा हो ॥
नेपाल हाम्रो बुझ कामदा हो ।
नेपाल हाम्रो बुझ मोक्षदा हो ॥

पितृस्मृति छात्रवृतिबारे २०४९ देखि २०५६ सम्मको गतिविधि

२०४९ साल माघ २९ गते सनातन धर्म सेवा समितिका संस्थापक अध्यक्ष श्री कुशेश्वर विद्यापीठका संस्थापक सदस्य कविवर श्री धरणीधर कोइरालाको सतवार्षिकीको अवसरमा आयोजना गरिएको श्रीमद्भागवत् ज्ञान महायज्ञको समापनको अवसरमा विविध श्री कुशेश्वर पितृ स्मृति छात्रवृत्ति तथा पुरस्कार वितरण गर्ने कार्य शुभारम्भ गरियो। यस कार्यलाई निरन्तरता दिनका लागि विभिन्न व्यक्तित्वहरूको उल्लेखनीय सहयोगलाई पनि विर्सन सकिदैंन।

वास्तवमा पुरस्कार दिनु भनेको सम्मान दिनु हो, हौसला र प्रेरणा प्रदान गर्नु हो। पुरस्कारलाई रकमको तराजुले तौलन पुगियो भने त्यो साँचो अर्थमा पुरस्कार नभएर तिरस्कार बन्न पुग्छ। यो कार्य एउटा थालनी मात्रै हो, भोलीका दिनमा यसलाई अझ व्यापकतातिर लैजान कोही कसैको पनि दृष्टि पुग्न सकेको खण्डमा त्यो भन्दा खुशीको कुरा के हुनसक्ला। यस महान कार्यलाई समाजसेवी श्री दीर्घराज कोइराला, डा. विद्यानाथ कोइराला, श्री अच्युत कोइराला, श्री जयप्रसाद कोइराला, श्री ध्रुव कोइराला, जया पाठक (कोइराला), श्री रामेश्वर कोइराला, श्री दामोदर सापकोटा, श्री प्रदीप कोइराला, श्री माधवप्रसाद न्यौपाने, श्री दिलिप कोइराला, श्रीमती विन्दु कोइराला, पूर्व सांसद मीना पाण्डे, भू.पू.रा.पं.स. अध्यक्ष नवराज सुवेदी, श्री भक्त बहादुर हायू, श्री दुर्गा प्रसाद पोखेल, श्री एकराज कोइराला, श्री शम्भु प्रसाद दाहाल, श्री फत्त बहादुर खड्का, श्री बद्री कुमार खड्का, श्री गोविन्द कोइराला, श्री जनक दहाल, श्री भरत प्रसाद भण्डारी परिवारको सहृदय सहयोग र यस पात्तिकारको तर्फबाट पनि निरन्तरता दिने कार्यमा अथक प्रयास रहि आएको छ। पुरस्कार दाताहरूको बारेमा त्यति सविस्तार परिचय प्रस्तुत गर्न सकिएन।

त्यसका लागि म क्षमाप्राथी छु। २०४९ सालदेखि २०५७ सालको श्री कुशेश्वर मा.वि. को स्वर्ण जयन्तीको अवसरसम्म प्रदान गरिएको पुरस्कार वितरण निम्न अनुसार रहेको समस्तजनमा जानकारीका लागि उल्लेख गरेको छु।

श्री कुशेश्वर धरणी स्मृति छात्रवृति

दाता: श्री दीर्घराज कोइराला रकम: रू १२००

छनौट प्रक्रिया: कक्षा ७ बाट प्रथम विद्यार्थी

विद्यालय: श्री कुशेश्वर मा.वि. दुम्जा, सिन्धुली

क्र.सं.	विद्यार्थीको नाम	उर्तीण साल	पुरस्कार वितरण अवसर
१	सुश्री रीता कोइराला	२०४९	राष्ट्रिय एकता दिवस २०५०
२	सुश्री सीता कोइराला	२०५०	,, ,, ,, २०५१
३	सुश्री इन्दिरा खड्का	२०५१	विद्यालय जयन्ति २०५३
४	सुश्री संगीता कुमारी राय	२०५२	विद्यालय जयन्ति २०५४

(जम्मा वितरित रकम रू. ४,८००।-)

२. श्री धरणी स्मृति पुरस्कार

दाता: सनातन धर्म सेवा समिति रकम: रू १११

छनौट पक्रिया: एस.एल.सी. प्रथम छात्र/छात्रा

विद्यालय: श्री कुशेश्वर मा.वि. दुम्जा

क्र.सं. विद्यार्थीको नाम	पुरस्कार वितरण अवसर
१. श्री हरि प्रसाद दाहाल एस.एल.सी. प्रथम श्रेणी छात्र	धरणी सतवार्षिकी २०४९
२ सुश्री चञ्चला राजवंशी (विद्यालय प्रथम छात्रा)	धरणी सतवार्षिकी २०४९
३. श्री मेघराज दोङ प्रथम श्रेणी विद्यालय प्रथम	धरणी जयन्ती २०५०
४ सुश्री अञ्जु गिरी ,, ,, ,, प्रथम छात्रा	धरणी जयन्ती २०५१
५ श्री ज्ञान बहादुर योञ्जन एस.एल.सी. विद्यालय प्रथम	धरणी जयन्ती २०५२
६ सुश्री इन्दिरा पौडेल एस.एल.सी. विद्यालय प्रथम	धरणी जयन्ती २०५२

७	श्री अम्वर बहादुर लुंगेली एस.एल.सी. विद्यालय प्रथम	धरणी जयन्ती २०५३
८	सुश्री अम्विका पोखेल एल.एल.सी. विद्यालय प्रथम	धरणी जयन्ती २०५३
९	सुश्री सीता कोइराला एस.एल.सी. विद्यालय प्रथम	धरणी जयन्ती २०५४
१०	सुश्री इन्दिरा खड्का एस.एल.सी. विद्यालय प्रथम	धरणी जयन्ती २०५५
११	श्री कमल विक्रम विश्वकर्मा एस.एल.सी. विद्यालय प्रथम	धरणी जयन्ति २०५५
१२	श्री गुणराज नेपाल एस.एल.सी. विद्यालय प्रथम	धरणी जयन्ति २०५६
१३	सुश्री देवमाया कार्की एस.एल.सी. विद्यालय प्रथम	धरणी जयन्ति २०५६

(हालसम्म प्रदान गरिएको रकम रू. १४४३।-)

३. श्री कुशेश्वर नन्द स्मृति पुरस्कार

दाता: अर्जुन कुमार खड्का

रकम: रू १११

छनौट पक्रिया: कक्षा ७ बाट प्रथम छात्रा

विद्यालय: श्री कुशेश्वर मा.वि. दुम्जा

क्र.सं.	विद्यार्थीको नाम	पुरस्कार वितरण खवसर
१	सुश्री रीता कोइराला	धरणी सतवार्षिकी २०४९
२	सुश्री सीता कोइराला	राष्ट्रिय एकता दिवस २०५०
३	सुश्री इन्दिरा खड्का	राष्ट्रिय एकता दिवस २०५१
४	सुश्री संगीता रायमाझी	राष्ट्रिय एकता दिवस २०५२
५	सुश्री गीता कोइराला	प्रजातन्त्र दिवस २०५३
६	सुश्री लक्ष्मी कोइराला (अपाङ्ग छात्रा)	धरणी जयन्ती २०५४
७	सुश्री रमा पोखेल	धरणी जयन्ती २०५५
८	सुश्री लक्ष्मी कोइराला	धरणी जयन्ती २०५६

(हालसम्म वितरित रकम रू. ८८८।-)

४. श्री कुशेश्वर बाबा गोपालदास स्मृति पुरस्कार

दाताः श्री कुशेश्वर सुधार समिति रकम रू. १११

छनौट पक्रियाः विद्यालय प्रथम वार्षिक परिक्षा

(२०५५ देखि विद्यालय द्धितिय समेत)

विद्यालयः श्री कुशेश्वर मा.वि. दुम्जा

क्र.सं.	विद्यार्थीको नाम	वितरण समय १
१.	श्री सुदिप कोइराला (वि.प्रथम)	धरणी सतवार्षिकी २०४९
२	सुश्री गीता कोइराला (वि. प्रथम)	राष्ट्रिय एकता दिवस २०५०
३	श्री कृष्णहरि खड्का (वि. प्रथम)	राष्ट्रिय एकता दिवस २०५१
४	श्री कृष्णहरि खड्का (वि.प्रथम)	राष्ट्रिय एकता दिवस २०५२
५	श्री कृष्णहरि खड्का (वि.प्रथम)	प्रजातन्त्र दिवस २०५३
६	सुश्री शारदा खड्का (अर्धवार्षिक परिक्षा कक्षा १०)	धरणी जयन्ती २०५४
७	सुश्री यशोदा कोइराला (विद्यालय प्रथम)	धरणी जयन्ती २०५५
८	श्री सुदिप कोइराला (विद्यालय द्धितिय)	धरणी जयन्ती २०५५
९	सुश्री यशोदा कोइराला (विद्यालय प्रथम)	धरणी जयन्ती २०५६
१०	सुश्री विमला कोइराला (विद्यालय द्धितिय)	धरणी जयन्ती २०५६

२०५६ सम्म वितरित रकम रू ११९०।-

श्री कुशेश्वर साध स्मृति पुरस्कार

दाताः डा. विद्यानाथ कोइराला रकमः रू १११

छनौट पक्रियाः जेहेन्दार पिछडिएको जनजाति

विद्यालयः श्री कुशेश्वर मा.वि. दुम्जा

क्र.सं.	विद्यार्थीको नाम	पुरस्कार वितरण अवसर
१	श्री कर्ण बहादुर भुजेल	धरणी सतवार्षिकी २०४९
२	श्री जयबहादुर घोले	धरणी सतवार्षिकी २०४९
३	श्री कुल बहादुर कामी	धरणी सतवार्षिकी २०४९
४	श्री अम्बर ब. लुंगेली	धरणी सतवार्षिकी २०४९
५	श्री चेतबहादुर भुजेल	धरणी सतवार्षिकी २०४९
६	श्री मनोज कुमार घिसिङ	राष्ट्रिय एकता दिवस २०५२
७	सुश्री मसली मोक्तान	राष्ट्रिय एकता दिवस २०५२
८	श्री रामलाल विश्वकर्मा	राष्ट्रिय एकता दिवस २०५२
९	श्री मेघबहादुर भुजेल	राष्ट्रिय एकता दिवस २०५२
१०	श्री जितबहादुर योञ्जन	धरणी जयन्ती २०५२
११	श्री मेवाङ लामा	धरणी जयन्ती २०५२
१२	श्री चन्द्र बहादुर थामी	धरणी जयन्ती २०५२
१३	श्री हरिकुमार तोलङ्गे	धरणी जयन्ती २०५२
१४	श्री वाडा विसंखे	विद्यालय जयन्ती २०५३
१५	श्री वीर बहादुर तोलङ्गे	विद्यालय जयन्ती २०५३
१६	श्री अमृत सिंह तामाङ्ग	विद्यालय जयन्ती २०५३
१७	श्री वाडा चर्मकार	धरणी जयन्ती २०५३
१८	श्री वुद्धिमान तोलङ्गे	धरणी जयन्ती २०५३
१९	श्री शिवराम तोलङ्गे	धरणी जयन्ती २०५३
२०	श्री सन्तोष विश्वकर्मा	धरणी जयन्ती २०५३
२१	श्री मेघ बहादुर भुजेल	महाशिवरात्री २०५३
२२	श्री मनोज कुमार घिसिंङ	महाशिवरात्री २०५३
२३	श्री कमल विक्रम वि.के.	महाशिवरात्री २०५३

२४ श्री टेवबहादुर मोक्तान	धरणी जयन्ती २०५४
२५ श्री कमल विक्रम वि.क.	धरणी जयन्ती २०५४
२६ श्री किशोर रम्तेल	धरणी जयन्ती २०५६
२७ श्री सीतामान घिसिङ्ग	धरणी जयन्ती २०५६
२८ श्री सन्तोष विश्वकर्मा	धरणी जयन्ती २०५६
२९ सुश्री मार्साङ घिसिङ्ग	धरणी जयन्ती २०५६
३० श्री शिवराम तोलङ्गे	विद्यालय स्वर्ण जयन्ती २०५७
३१ सुश्री मार्साङ्ग घिसिङ्ग	विद्यालय स्वर्ण जयन्ती २०५७
३२ श्री गोविन्द बहादुर थापामगर	विद्यालय स्वर्ण जयन्ती २०५७
३३ श्री मानबहादुर पुलामी	विद्यालय स्वर्ण जयन्ती २०५७
३४ श्री मेघबहादुर भुजेल	विद्यालय स्वर्ण जयन्ती २०५७
३५ श्री रामबहादुर लामा	विद्यालय स्वर्ण जयन्ती २०५७

२०५७ सम्म वितरित रकम रू ४९९५।-

६. श्री कुशेश्वर धरणी स्मृति पुरस्कार

दाता: अच्यूत कोइराला रकम: रू. १११।-

छनौट पक्रिया: विद्यालय मेधावी छात्रछात्रा

विद्यालय: श्री कुशेश्वर मा.वि. दुम्जा

क्र.सं. विद्यार्थीको नाम	पुरस्कार वितरण अवसर
१ श्री कमल पोखेल	धरणी सतवार्षिकी २०४९
२ श्री चन्द्र बहादुर खड्का	धरणी सतवार्षिकी २०४९
३ श्री नवराज राय	धरणी सतवार्षिकी २०४९
४ श्री रमेश कोइराला	धरणी सतवार्षिकी २०४९
५ श्री केदार कोइराला	धरणी सतवार्षिकी २०४९

६ सुश्री रन्जिता वराल	राष्ट्रिय एकता दिवस २०५१
७ श्री पुण्य बहादुर लुंगेली	राष्ट्रिय एकता दिवस २०५१
८ श्री रमेश कोइराला	राष्ट्रिय एकता दिवस २०५१
९ श्री विमल पौडेल	राष्ट्रिय एकता दिवस २०५१
१० श्री नविन पोखेल	राष्ट्रिय एकता दिवस २०५१
११ सुश्री इन्दिरा खड्का	राष्ट्रिय एकता दिवस २०५२
१२ सुश्री सीता कोइराला	राष्ट्रिय एकता दिवस २०५२
१३ श्री विमल पौडेल	राष्ट्रिय एकता दिवस २०५२
१४ सुश्री प्रतिभा भट्टराई	राष्ट्रिय एकता दिवस २०५२
१५ श्री ऋषिराम हुमागाईं	राष्ट्रिय एकता दिवस २०५२
१६ सुश्री यशोदा कोइराला	प्रजातन्त्र दिवस २०५३
१७ सुश्री सम्झना कोइराला	महाशिवरात्री २०५३
१८ श्री ऋषिराम हुमागाईं	महाशिवरात्री २०५३
१९ श्री देवनारायण श्रेष्ठ	महाशिवरात्री २०५३
२० सुश्री संगीता रायमाझी	महाशिवरात्री २०५३
२१ सुदर्शन शर्मा	धरणी जयन्ती २०५६
२२ श्री ऋषिराम हुमागाईं	विद्यालय स्वर्ण जयन्ती २०५७
२३ सुश्री यशोदा कोइराला	विद्यालय स्वर्ण जयन्ती २०५७
२४ सुश्री विमला कोइराला	विद्यालय स्वर्ण जयन्ती २०५७
२५ श्री गुणराज कोइराला	विद्यालय स्वर्ण जयन्ती २०५७

२०५७ सम्म वितरण रकम रू. २,७७५।-

७. श्री कुशेश्वर प्रभाकर स्मृति पुरस्कार

दाता: जय प्रसाद कोइराला   रकम: रू १११।-

विद्यालय: श्री कुशेश्वर मा.वि. दुम्जा

क्र.सं	विद्यार्थीको नाम	पुरस्कार प्रदान गरिएको अवसर
१	श्री पुण्य बहादुर लुंगेली	धरणी सतवार्षिकी २०४९
२	श्री किशोर भुजेल	धरणी सतवार्षिकी २०४९
३	श्री कौशल कोइराला	धरणी जयन्ती २०५०
४	श्री सुदिप कोइराला	धरणी जयन्ती २०५०
५	सुश्री सीता कोइराला	विद्यालय जयन्ती २०५२
६	सुश्री लक्ष्मी कोइराला (अपाङ्ग छात्रा)	विद्यालय जयन्ती २०५२
७	श्री निर्मल चन्द्र न्यौपाने	विद्यालय जयन्ती २०५३
८	श्री रमेश कोइराला	विद्यालय जयन्ती २०५३
९	श्री विमल पौडेल	प्रजातन्त्र दिवस २०५३
१०	सुश्री संगीता राय	महाशिवरात्री २०५३

(जम्मा वितरित रकम रू. १११०।-

८. श्री धुव कोइरालाले धरणी सतवार्षिकी २०४९ को अवसरमा श्री कौशल कोइरालालाई मेधावी छात्र को रूपमा रू १११।- का सहित श्री कुशेश्वर शेषरमण स्मृति पुरस्कार प्रदान गर्नुभयो।

९. त्यस्तै श्री राजन प्रसाद कोइरालाले पनि धरणी सतवार्षिकी २०४९कै अवसरमा सुश्री इन्दिरा पौडेललाई मेधावी छात्राको रूपमा रू १११।- नगद सहित श्री कुशेश्वर छविलाल स्मृति पुरस्कार प्रदान गर्नुभयो।

१०. श्री कुशेश्वर मछेन्द्र पाठक स्मृति पुरस्कार

दाताः जया पाठक (कोइराला) रकमः रू. १११।-

क्र.सं	विद्यार्थीको नाम	पुरस्कार प्रदान गरिएको अवसर
१	ज्ञान बहादुर भोम्जन (मेधावी छात्र)	धरणी सतवार्षिकी २०४९
२	पुण्य बहादुर लुंगेली (मेधावी छात्र)	धरणी जयन्ती २०५०

११. श्री कुशेश्वर पं. गोविन्द स्मृति पुरस्कार

दाताः जनक दाहाल रकमः रू १११।-

क्र.सं	विद्यार्थीको नाम	पुरस्कार प्रदान गरिएको अवसर
१	सुश्री सीता कोइराला (मेधावी छात्रा)	धरणी सतवार्षिकी २०४९
२	सुरी इन्दिरा खड्का (मेधावी छात्रा)	धरणी सतवार्षिकी २०४९

१२. श्री कुशेश्वर खिलनाथ स्मृति पुरस्कार

दाताः रामेश्वर कोइराला रकम रू. १११।-

विद्यालयः श्री कुशेश्वर मा.वि. दुम्जा

क्र.सं	विद्यार्थीको नाम	पुरस्कार प्रदान गरिएको अवसर
१	ज्ञान बहादुर भोम्जन	धरणी सतवार्षिकी २०४९
२	श्री बच्चु तोलङ्गे	धरणी सतवार्षिकी २०४९
३	श्री वाडा चर्माकार	धरणी सतवार्षिकी २०४९
४	श्री मेघराज दोङ	धरणी सतवार्षिकी २०४९
५	सुश्री सावित्रा सुनुवार	धरणी सतवार्षिकी २०४९

१३. श्री दामोदर सापकोटाले पनि धरणी सतवार्षिकी २०४९ को अवसरमा रू १११।- नगद सहित श्री कुशेश्वर मा.वि दुम्जाका मेधावी छात्र श्री गुणराज नेपाललाई श्री कुशेश्वर काशीनाथ स्मृति पुरस्कार प्रदान गर्नुभयो।

१४. त्यस्तै २०४९ मै धरणी सतवार्षिकीको उपलक्ष्यमा श्री माधव प्रसाद न्यौपानेका तर्फबाट पनि रू. १११।- नगद सहित श्री कुशेश्वर मा.वि. दुम्जामै अध्ययनरत अपाङ्ग छात्रा सुश्री लक्ष्मी कोइरालालाई श्री कुशेश्वर धनञ्जय देवमाया स्मृति पुरस्कार प्रदान गरियो।

१५. भू.पू. स्वास्थ्यमन्त्री श्री विपिन कोइरालाले पनि श्री कुशेश्वर दयानिधि स्मृति पुरस्कार स्वरूप श्री कुशेश्वर मा.वि. दुम्जामा अध्ययनरत मेधावी छात्राऽछात्रको रूपमा सुश्री यमुना आचार्य, सुश्री सीता कोइराला, श्री मेघबहादुर भुजेललाई क्रमशः धरणी सतवार्षिकी २०४९, धरणी जयन्ती २०५०, धरणी जयन्ती २०५१ को अवसरमा प्रत्येक विद्यार्थीलाई रू १११।- नगद सहित जम्मा रू ३३३।- उक्त पुरस्कार प्रदान गर्नुभयो।

१६. श्री कुशेश्वर सरोज स्मृति पुरस्कार

दाताः प्रदिप कोइराला रकमः रू १११।-

क्र.सं	विद्यार्थीको नाम	पुरस्कार प्रदान गरिएको अवसर
१	सुश्री शुभद्रा कोइराला (मेधावी छात्रा)	धरणी सतवार्षिकी २०४९
२	श्री रत्न बहादुर रम्तेल मेधावी छात्र)	धरणी सतवार्षिकी २०४९
३	श्री दिपक कुमार थामी (मेधावी छात्र)	धरणी सतवार्षिकी २०४९
४	सुश्री कुसुम कोइराला (मेधावी छात्रा)	धरणी सतवार्षिकी २०४९
५	श्री तिलक बहादुर दर्जी (मेधावी छात्र)	धरणी सतवार्षिकी २०४९

१७. श्री हरि प्रसाद कोइरालाले पनि २०४९ मा धरणी सतवार्षिकीको अवसरमा रू १११।- नगद सहित श्री ज्ञानध्वज बलामीलाई श्री कुशेश्वर पुण्य स्मृति पुरस्कार प्रदान गर्नुभएको थियो भने सोही अवसरमा श्री दिलीप कोइरालाबाट पनि सुश्री गीता कोइरालालाई रू १११।- नगद सहित मेधावी छात्राको रूपमा श्री कुशेश्वर (रविप्रकाश कोइरालाको स्व.पत्नीको स्मृतिमा) स्मृति पुरस्कार प्रदान गरिएको थियो।

१८. सिन्धुली जिल्ला क्षेत्र.नं. १ का पूर्व सांसद श्री प्रकाश कोइरालाको तर्फबाट पनि श्री कुशेश्वर मोहन स्मृति पुरस्कार वापत धरणी सतवार्षिकी २०४९ कै अवसरमा सुश्री बुना दाहाल र सुश्री तारा कार्कीलाई नगद रू१११।- का दरले पुरस्कार प्रदान गर्नुभएको थियो।

१९. श्री कुशेश्व नररत्न स्मृति पुरस्कार

दाताः डा. गोविन्द कोइराला रकमः रू १११।-

क्र.सं	विद्यार्थीको नाम	पुरस्कार प्रदान गरिएको अवसर
१	मोहन बहदुर योञ्जन (मोधावी छात्र)	धरणी सतवार्षिकी २०४९
२	सुश्री संगीता राय (मेधावी छात्रा)	धरणी सतवार्षिकी २०४९
३	सुश्री पवित्रा कोइराला (मेधावी छात्रा)	धरणी सतवार्षिकी २०४९
४	श्री लोकहरी नेपाल (मेधावी छात्र)	धरणी सतवार्षिकी २०४९
५	श्री जयबहादुर कमी (मेधावी छात्र)	धरणी सतवार्षिकी २०४९

श्री कुशेश्वर मुरारी मोहन स्मृति पुरस्कार

दाता: श्रीमती विन्दु कोइराला र अर्जुन कुमार खड्का (संयुक्त)

रकम: रू १११।-

क्र.सं	विद्यार्थीको नाम	पुरस्कार प्रदान गरिएको अवसर
१	सुश्री इन्दिरा खड्का (मेधावी छात्रा)	राष्ट्रिय एकता दिवस २०५०
२	सुश्री संगीता रायमाझी (मेधावी छात्रा)	राष्ट्रिय एकता दिवस २०५१
३	सुश्री गीता कोइराला (मेधावी छात्रा)	राष्ट्रिय एकता दिवस २०५२

श्री कुशेश्वर सु. केशर स्मृति पुरस्कार

दाता: मीना पाण्डे (पूर्व सांसद)

रकम: रू.१११।-

क्र.सं	विद्यार्थीको नाम	पुरस्कार प्रदान गरिएको अवसर
१	श्री सुरेश चालिसे (विद्यालय प्रथम २०४९) (श्री कुशेश्वर मा.वि. वेथान, रामेछाप)	राष्ट्रिय एकता दिवस २०५०

श्री कुशेश्वर खड्ग गणेश स्मृति पुरस्कार

दाता: अर्जुन कुमार खड्का

रकम: रू १११।-

क्र.सं	विद्यार्थीको नाम	पुरस्कार प्रदान गरिएको अवसर
१	सुश्री तारा कार्की	राष्ट्रिय एकता दिवस २०५१

(एस.एल.सी. उर्तीण छात्रा श्री कु.मा.वि. दुम्जा)

२ सुश्री गोमा खड्का (विद्यालय प्रथम) राष्ट्रिय एकता दिवस २०५१
(भुटुनदेवी प्रा.वि. खनियापानी डाँसे रामेछाप)

यसैगरी भू.पू. रा.पं.स. अध्यक्ष नवराज सुवेदीका तर्फबाट पनि श्री कुशेश्वर मा.वि.. दुम्जाका छात्र श्री ज्ञानबहादुर भोम्जनलाई २०५१ को एस.एल.सी. टेष्ट परीक्षा प्रथम वापत रू. १११।- नगद सहित २०५१ को राष्ट्रिय एकता दिवसका अवसरमा श्री कुशेश्वर पं.श्यामभक्त स्मृति पुरस्कार प्रदान गरिएको थियो।

श्री कुशेश्वर दिलकृष्ण स्मृति पुरस्कार

दाता: श्री बद्री कुमार खड्का
(शिक्षक श्री कुशेश्वर माध्यामिक विद्यालय वेथान, रामेछाप)
रकम: रू १११।-
छनौट पक्रिया: कक्षा ७ बाट प्रथम हुने विद्यार्थी
विद्यालय: श्री कुशेश्वर मा.वि. वेथान रामेछाप

क्र.सं	विद्यार्थीको नाम	पुरस्कार प्रदान गरिएको अवसर
१	श्री सुरेश चालिसे	राष्ट्रिय एकता दिवस २०५१
२	श्री प्रेम कुमार पाण्डे	राष्ट्रिय एकता दिवस २०५२
३	श्री उदय बहादुर लामा	महाशिवरात्री २०५३
४	श्री कमान सिंह तामाङ्ग	धरणी जयन्ती २०५५
५	श्री चर्तुमान तामाङ्ग	धरणी जयन्ती २०५६

जम्मा प्रदान गरिएको रकम: ५५५

श्री कुशेश्वर हरियोग स्मृति पुरस्कार

दाता: भरत प्रसाद भण्डारी परिवार   रकम रू: १११

छनौट पक्रिया: वार्षिक परिक्षामा विद्यालय प्रथम विद्यार्थी

विद्यालय: श्री कृष्ण प्रा.वि. रूपाकोट, रामेछाप

क्र.सं.	विद्यार्थीको नाम	पुरस्कार वितरणको अवसर
१	श्री कमान सिंह तामाङ्ग	राष्ट्रिय एकता दिवस २०५१
२.	श्री लालबहादुर शिवभक्ति	राष्ट्रिय एकता दिवस २०५२
३.	सुश्री पातली विश्वकर्मा	राष्ट्रिय एकता दिवस २०५३
४.	सुश्री पातली विश्वकर्मा	राष्ट्रिय एकता दिवस २०५५
५.	सुश्री लक्ष्मी तामाङ	राष्ट्रिय एकता दिवस २०५६

हाल सम्म वितरण भएको रकम: ५५५

राष्ट्रिय एकता दिवस २०५१ कै अवसरमा खनियापानी ८ डाँसेका फत बहादुर खड्काले पनि श्री कुशेश्वर रणध्वज स्मृति पुरस्कार स्वरूप भुटुनदेवी प्रा.वि. डाँसे (रामेछाप) का २०५१ का विद्यालय प्रथम छात्र श्री सानु जर्गालाई रू १११।- प्रदान गर्नुभएको थियो।

खनियापानी -९ रामेछापका कृष्ण बहादुर खड्काले श्री जलदेवी प्रा.वि. खनियापानी (रामेछाप) का छात्रहरू सुश्री विन्दा कोइराला तथा सुश्री जुना खड्कालाई क्रमश: २०५१ तथा २०५२ को राष्ट्रिय एकता दिवसको अवसरमा रू. १११ नगद सहित श्री कुशेश्वर तेज स्मृति पुरस्कार प्रदान गर्नुभयो।

त्यसैगरी खनियापानी ९ रामेछापका अर्का व्यक्तित्व नवराज खड्काले पनि श्री जलदेवी प्रा.वि खनियापानीका पिछडिएका जनजातिका मेधावी छात्रलाई राष्ट्रिय एकता दिवस

२०५१ तथा २०५२ को अवसरमा रू १११।- नगद सहित श्री कुशेश्वर भिमलोक स्मृति पुरस्कार प्रदान गर्नुभयो। उक्त २०५१ तथा २०५२ को पुरस्कार प्राप्त गर्ने छात्र श्री भलाराज सार्की थिए।

राष्ट्रिय एकता दिवस २०५१ कै अवसरमा श्री कुशेश्वर दुम्जा सिमलचौरका समाजसेवी व्यक्तित्व श्री शम्भु प्रसाद दाहालले श्री नेपालथोक प्रा.वि. नेपालथोक दुम्जाका छात्र श्री लनामसिंह लामालाई रू १११।- नगदसहित श्री कुशेश्वर रञ्जनलीला स्मृति पुरस्कार प्रदान गर्नु भयो भने श्री कुशेश्वर दुम्जा हायु गाउँका श्री भक्त बहादुर हायूले पनि श्री पञ्चकन्या प्रा.वि. हायूगाउँका श्री मानबहादुर पुलामीलाई रू. १११।- नगदसहित श्री कुशेश्वर भूपाल हायू स्मृति पुरस्कार २०५२ को राष्ट्रिय एकता दिवसको अवसरमा प्रदान गर्नुभएको थियो।

विविध कुशेश्वर पितृ स्मृति पुरस्कार प्रदान गर्ने क्रममा २०५२ को धरणी जयन्तीका पावन अवसरमा कुशेश्वर मा.वि.का मेधावी छात्रा सुश्री यशोदा कोइरालालाई र २०५३ को महाशिवरात्रीको अवसरमा सुश्री लक्ष्मी कोइरालालाई दुर्गा प्रसाद दाहालले प्रत्येक छात्रालाई रू. १११।- नगद सहित श्री कुशेश्वर कोमल स्मृति पुरस्कार प्रदान गर्नुभएको थियो।

महाशिवरात्री २०५३ मा सनातन धर्म सेवा समिति दुम्जा शाखाले कुशेश्वरमा कीर्तनको कार्यक्रम पनि आयोजना गरेको थियो। हरेक वर्षको महाशिवरात्रीमा यहाँ ठूलो मेला पनि लाग्ने गर्दछ। उक्त कीर्तन अभियानमा उत्तम व्यक्तित्व श्री मोहन

बहादुर सिंजालीलाई अर्जुन कुमार खड्काद्वारा रू. १११।- नगद सहित श्री कुशेश्वर सनातन धर्म स्मृति पुरस्कार प्रदान गरिएको थियो भने उक्त अवसरमैं सुश्री इन्दिरा खड्कालाई पनि श्री एकराज कोइरालाले रू १११।- नगद सहित श्री कुशेश्वर नन्द कुमारी स्मृति पुरस्कारले पुरस्कृत गर्नुभएको थियो।

त्यसैगरी श्री कुशेश्वर पुरस्कार स्मृति कोषले पनि २०५४ सालमा श्री कुशेश्वर मा.वि. बाट एस.एल.सी. मा प्रथम श्रेणी हासिल गर्ने छात्रतर्फ श्री कमल प्रसाद पोखेल र छात्रातर्फ सुश्री शारदा खड्कालाई रू १११।- नगद सहित श्री कुशेश्वर पितृ स्मृति पुरस्कार प्रदान गरेको थियो। उक्त पुरस्कार वितरण २०५५ को धरणी जयन्तीको अवसरमा गरिएको थियो।

यसरी श्री कुशेश्वर पितृस्मृति पुरस्कार प्रतिष्ठानको सक्रियतामा यसको स्थापनाकाल देखि २०५६ सम्म विभिन्न विद्यालयका १७६ छात्र छात्राहरूलाई विविध अवसरहरूमा जम्मा रू २३,४४८।- छात्रवृत्ति तथा पुरस्कार स्वरूप वितरण भैसकेको व्यहारा पुनः जानकारी गराउँदछु। यसका अलावा पनि श्री कुशेश्वर मा.वि दुम्जाका शिक्षक श्री वच्चु कोइरालाले पनि यसै विद्यालयमा अध्ययनरत छात्रा सुश्री भवानी कोइरालाको कक्षा ६ देखि एस.एल.सी. सम्म विद्यालयमा लाग्ने सम्पूर्ण खर्चको लागि सहयोग गर्नुभएको थियो। साथै यस पंक्तिकारलाई पनि समसमयमा केही जेहेन्दार विद्यार्थीहरूलाई सहयोग गर्ने अपूर्व अवसर प्राप्त भइरहेको छ। जुवा, तास, मदिरा, मद्यपान जस्ता क्रियाकलापमा खर्चने रूपैयाको सद्मा विद्यालयका गरीव जेहेन्दार विद्यार्थीहरूलाई सहयोग गरिए कति त्यस्ता प्रतिभाहरूको

भाग्य उदर हुनसक्थ्यो। समस्त जनहरूले यस विषयलाई सोचीदिएको खण्डमा यो अत्यन्तै सह्रानीय कदम बन्न पुग्थ्यो। आज हामी देखावटी वाहयडम्बरको संस्कारलाई सिकिरहेका छौं। ती पुरातन संस्कारहरू कति हामीले अनुकरण नगरी नहुने पनि छन्, तिनलाई हामी दिन प्रतिदिन आधुनिकताको नाममा विर्सिंदै गएका छौं। पश्चिमी सभ्यतालाई मात्र बढावा दिइरहेका छौं। आफ्नै पूर्वीय संस्कृति र संस्कारलाई भुलिरहेका छौं। यसले भोलि एउटा जटिल संकट नल्याउला भन्न सकिंदैन। त्यसैले हामी आफ्नो पन जोगाऔं, संस्कृति र सभ्यतालाई अनुकरण गर्ने नाममा अन्धभक्त भएर दौड्नु भन्दा राम्रो पक्षको अनुसरण गर्दै आफ्नो संस्कृति र संस्कारलाई पनि जोगाउँदै जाऔं। यो नै हाम्रो अमूल्य सम्पत्ति हो।

माथि नै पनि उल्लेख भैसक्यो पुरस्कार भन्ने विषयलाई हामी दाल चामलको तराजुमा तौलनु हुँदैन। यसले त पुरस्कृत व्यक्तित्वको सम्मान मात्र गर्न खोजेको हो, हौसला र प्रेरणा दिन खोजेको हो। आज यो संस्था संस्थागत हुन सकेको छैन यसको कोष पनि सानै छ। हुन सक्ला भोली कति सहृदय व्यक्तित्वहरूले यसलाई संस्थागत गराउनमा प्रयास अगाडि बढाउनु होला र यसको कोष पनि व्यापक होला अनि अझ धेरै विद्यार्थीहरूलाई पुरस्कृत गर्न सकियोस्।

यस कुशेश्वर पितृ स्मृति पुरस्कार प्रतिष्ठानसंग भावनात्मक रूपले एक भई आफ्ना पितृहरूको स्मृति विविध पुरस्कारहरूले विद्यार्थी भाई बहिनीहरूलाई पुरस्कृत गर्ने समस्त पुरस्कार दाता महानुभावहरूप्रति पुनः यस श्री कुशेश्वर पितृ स्मृति प्रतिष्ठान तथा स्वयंको तर्फबाट पनि पुनः हार्दिक धन्यवाद प्रकट गर्दछु।

'ताम्रपत्र'

ॐ नमः शिवाय

दुम्जा वेसी सुवर्ण कौशिकी टतमा श्री कुशेश्वर महादेव मन्दिर तपस्वी गोपालदास वावाले वि.सं. १९९६ मा ४ ढोका राखी निर्वान गर्नुभो र वि.सं. १९९७ सालमा फाल्गुण १२ गते रविवार महाशिवरात्रीका दिन हाम्रा स्वर्गीय पिता बद्रिनाथ मैनालीले उक्त मन्दिरमा सुवर्ण निर्मित ५ तले गजुर १ र चार सुरमा एक एक तल्ला भएको चार गजुरहरू चढाउनु भएको संझनाका लागि यो ताम्रपत्र लेखि उक्त मन्दिरको भित्तामा जडेका छौं।

इति वि.स. २०५३।११।२४ महाशिवारात्री।

पिताको जन्म:- वि.सं. १९६२

निधन :- वि.सं. २०२७ साल हरिसयनी एकदशी

यो ताम्रपत्र जड्ने हामी उहांका पुत्रहरु

१.	भवनाथ मैनाली	जेठो
२.	तारानाथ मैनाली	काइलो
३.	कूलप्रसाद मैनाली	अन्तरे
४.	तोयनाथ मैनाली	जन्तरे
५.	हरिप्रसाद मैनाली	मन्तरे
६.	हरिनाथ मैनाली	कान्छो

माहिला बालकृष्ण मैनाली र साहिंला पदम नारायण मैनाली स्वर्गे हुनु भएको, त्यसकारण पौत्रहरू।

कुशेश्वर महादेवस्थानको ऐतिहासिक लेखोटः

"स्वस्ती श्री सत्य सुपति चरणकमल धुली धुसरित शिरोजर श्री मान्यातेष देवता परं लब्धं प्रसाददेव दिमर्या मान्नोनत श्री रघुवंशावतार रविकुल ती हनुमहवोज नेपालेश्वर राजाधिराज राजेन्द्र सकल राज चरति जेष्ठदेव देवेश्वरी कपा कएकदेवली त विक्रमोपार्जित कराक धुत गति द्रुपतिम्"


उपर्युक्त लेखोट गोपालदास वावाले नक्कल सारेको नेपाल सरकारको गुठी लगत जाँच फाँट वि. सं. २००३ मार्ग २ गते प्रमाणित गरेको हो ।त्यसैबाट यो यथावत सारिएको हो ।

(कृष्ण राज कोइराला-रहर पेज नं. ३३)

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः
सर्वे भद्राणि पश्यन्तु माकश्चिद् दुःख भागभवेद् ।



भैरवको मूर्ति



कैलाशको मन्दिर



भक्तपुरे राजा जगतजंग मल्लको समयको शिलालेख

फोटो: शंकरमान डंगोल/शिवहरि खड्का



लेखक

नाम

अर्जुन कुमार खड्का

जन्मस्थान

खनियापानी गा. वि. स. - ८ डाँसे रामेछाप

शिक्षा

कृषि स्नातक, २०२७, (उदयपुर विश्वविद्यालय भारत)

पेशा

शिक्षक - श्री कुशेश्वर मा.वि. दुम्जा सिन्धुली

सामाजिक सेवा - सनातन धर्म सेवा समिति आजीवन सदस्य

अन्य सेवा - वि.स. २०२७-२०२९ सम्म कृषि विकास अधिकृत कञ्चनपुर

प्रकाशित कृति

लिङ्ग तीर्थ परिचय (अनुसन्धनात्मक धार्मिक लेख प्रथमखण्ड २०५१)

आगामी प्रकाशन: लिङ्ग तीर्थ परिचय द्वितीय खण्ड
सप्तश्लोकी गीताको भावानुवाद

स्क्यानिङ: क्वालिटेक स्क्यान एण्ड प्रि-प्रेस प्रा.लि., फोन: २६१३१४, २५६३९६ मूल्य: २५/-